# सरावल गाँउपालिकाको १० वर्षे रणनीतिक योजना



## सरावल गाउँपालिका
## गाँउ कार्यपालिकाको कार्यालय

सरावल, नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश, नेपाल

२०७९

# सरावल गाँउपालिकाको एकिकृत विकास रणनीतिक योजना

## २०७९ देखि २०८९

तयार पार्ने : सरावल गाँउपालिकाको कार्यालय,

फोन नं. :

इमेल : info@sarawalmun.gov.np

वेबसाइट : https://sarawalmun.gov.np

प्रकाशक : सरावल गाँउपालिकाको कार्यालयलुम्बिनी प्रदेश

सर्वाधिकार : सरावल गाँउपालिका

# विषय-सूची

| विवरण | पृष्ठ नं. |
|---|---|

## खण्ड एक: परिचय


परिचय (Introduction) १
रणनितिक योजनाको उद्देश्य (Objective of Strategic Plan) २
सन्दर्भ (Context) २
सरावल गाँउपालिकाको परिचय (Brief Introduction of Sarawal) ३
सरावलको भौगोलिक अवस्थिति (Geographical Location of Sarawal) ४
सरावलको प्रशासनिक विभाजन(Administrative Division) ४
वडागत रुपमा प्राथमिकीकरण ४


## खण्ड दुई: नीतिगत तथा कानूनी आधार


नीतिगत र कानूनी आधार (Lega land Policy Basic) ६
रणनीतिक योजनाको सैद्धान्तिक आधार (Theositical Basis of Strategic Plan) ७
१ समाजवाद् उन्मुख आर्थिक विकास (Socialist Oriented Economic Development) ७
२ सुशासन र सार्वजनिक उत्तरदायित्व (Good Governance and Social Responsibility) ८
३ विकासका आयामहरुको प्रवर्द्धन (Promotion of Contemporary Development Paradigm) ९


## खण्ड तीन: तर्जमा विधि


रणनीतिक योजना तर्जुमा विधि (Methodology of Strategic Paper Development) १०
सन्दर्भ सामाग्री, योजना र प्रतिवेदन पुनरावलोकन (Review of Reference Meterirals and Plannning and Reports) १०
सरावल गाँउपालिकाको योजनाहरु र प्रतिवेदनको पुनरावलोकन (Review of Planning and Reports of Sarawal Rural Municipality) १०
आवधिक योजनाको लेखाजोखा (Assessment of Periodic Plan) १०
निर्वाचित जनप्रतिनिधि, बिषयगत समिति र कर्मचारी वर्गसंग अन्तरक्रिया ११
प्रस्तूति र पृष्ठपोषण (Presentation and Feedback) ११


## खण्ड चार: सोच, लक्ष्य र उद्धेश्य


गाउँपालिकाको प्रमुख सम्भावना तथा अवसरहरु १२

# विषय-सूची


| विवरण | पृष्ठ नं. |
|---|---|
| गाउँपालिकाका प्रमुख समस्या तथा चुनौतिहरु | १२ |
| गाउँपालिकाको कृषिको. चुनौती र समस्याहरु | १३ |
| गाउँपालिकाको दिर्घकालिन सोच | १६ |
| लक्ष्य र उद्देश्य | १७ |
| रणनितीक स्तम्भका आधारहरु | १७ |


## खण्ड पाँच: रणनीतिक क्षेत्रगत योजना र कार्यनीति


| | |
|---|---|
| आर्थिक विकास (Economic Development) | २० |
| उद्देश्य | २० |
| रणनीति तथा कार्यनीति : | २० |
| सामाजिक विकास (Social Development) | २४ |
| उद्देश्य | २४ |
| रणनीति तथा कार्यनीति | २५ |
| भौतिक विकास (Infracture Development) | २७ |
| उद्देश्य | २७ |
| रणनीति तथा कार्यनीति | २८ |
| वन, वातावरण तथा विपद व्यवस्थापन विकास (Forest, Environmental DR Management Development) | ३० |
| उद्देश्य | ३० |
| रणनीति तथा कार्यनीति | ३० |
| संस्थागत विकास तथा सुशासन विकास (Institutional and Governance Development) | ३३ |
| उद्देश्य | ३४ |
| रणनीति तथा कार्यनीति | ३४ |


## खण्ड छ: अनुगमन, मूल्यांकन र सुचांक


| | |
|---|---|
| वित्तिय व्यवस्थापन र परिचालन रणनीति (Financial Management and Mobilization Strategy) | ३७ |
| अनुगमन मूल्याकंन मापदण्डहरु (Standerds of Monitoring and Evaluation) | ३७ |
| अनूसूची (Annex) | ३८ |

# खण्ड एकः परिचय

**परिचय (Introduction)**

नेपालको संविधानले स्थानीय तहलाई संघीय संरचना अनुरुप एक बलियो स्थानीय सरकारको रुपमा स्थापित गरेको छ। संविधानमा नै स्थानीय सरकारको एकल र साझा अधिकारहरु परिभाषित छन्। जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरि सुलभ र गुणस्तर सेवा प्रभाव गर्ने, लोकतन्त्रका लाभहरुको समानुपातीत र न्यायोचित वितरण गरि कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरुप समाजवाद उन्मुख संघीय लोकतन्त्र गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुढृण गर्ने उद्देश्य स्थानीय सरकार ऐन २०७४ ले राखेको छ। उक्त ऐनको दफा ११ र १२ मा क्रमशः गाँउपालिका वा नगरपालिका र वडा समितिको काम कर्तब्य र अधिकार तोकिएका छन भने दफा २४ को उपदफा (१) मा गाँउपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, बार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन र रणनितिक योजना बनाई लागू गर्ने प्रष्ट उल्लेख छ। त्यसै गरि ऐनको परिच्छेद ९ मा गाँउपालिका/नगरपालिकाको बित्तिय अधिकार क्षेत्र समेत तोकिएको छ। संविधान र कानून बमोजिम संघिय र प्रदेश सरकारले आवधिक योजना र दिगो विकास लक्ष्यहरु प्राप्त गर्ने मार्गचित्रहरु समेत तर्जुमा गरिसकेका छन्। संविधानमा व्यवस्था भए अनुसार संघ, प्रदेश र स्थानीयतहहरु बिच सहकारीता, सहअस्तित्व र समन्वयमा आधारित विकास प्रकृयालाई स्थानीय तहरुमा संस्थागत गर्न, उपलब्ध सीमित स्रोतहरुको न्यायोचित वितरण गरि स्थानीय जनताको विकासको चाहनालाई पुरा गर्नको लागि स्पष्ट मार्गचित आवश्यक भएकोले सरावल सरकारको चासो अन्तरगत संस्थागत विकास र आर्थिक समृद्धिको खाका सहितको दीर्घकालीन विकासको रणनीतिक योजना निर्माणमा गरिएको छ।

राज्यका निर्देशक सिद्धान्तका आधारमा गाउँपालिकाले गर्ने विकासका योजनाहरुलाई केन्द्रित गर्न वाञ्छनीय देखिएकोले सरावल गाउँपालिकाले एकिकृत विकास रणनितिक योजना निर्माण गर्न लागेको छ। एकिकृत विकास रणनितिक योजना निर्माण गर्नु पूर्व गाउँपालिलकाको विकासको अवधारणा तथा रणनीति के हुने? भन्ने स्पष्ट हुनु पर्ने र गाउँपालिकाले दीर्घकालीन रुपमा कस्तो र कुन कुन क्षेत्रमा के कस्ता विकासका सम्भवना छन्, ती संभावनाहरुलाई अध्ययन गर्न आवश्यक हुन्छ। त्यसको लागि पनि सर्वप्रथम गाउँपालिकाको रणनीतिक विकास अवधारण तयारपारी रणनीतिक क्षेत्रहरुलाई समेटी विस्तृत योजना निर्माण गर्दा बढी वैज्ञानिक र मापनयोग्य हुने भएको हुँदा सरावल गाउँपालिकाको एकिकृत विकास रणनीतिक योजना तयार पारिएको हो।

## रणनितिक योजनाको उद्देश्य (Objective of Strategic Plan)

नेपालको संविधानले स्थानीय तहलाई संघीय संरचना अनुरुप एक बलियो स्थानीय सरकारको रुपमा नेपालको संविधानले स्थापित गरेको छ। यसै सन्दर्भमा सरावल गाँउपालिकाले आफ्नो दिर्धकालीन सोचका साथ अगाडी बढनका लागि रणनितिक योजनाका उद्देश्यहरू देहायबमोजिम रहेका छन्।

(क) सरावल गाँउपालिकाले लिएको दिर्धकालीन सोच, लक्ष्यहरु पुरा गर्नकालागि योजनागत रणनितिक तयार गर्नु,

(ख) सरावल गाँउपालिलकाको आवधिक योजनाले लिएका रणनितिहरुलाई संस्थागत रुपमा स्थापना गर्नका लागि रणनितिक खाकामा परिरण गर्नु,

(ग) सरावल गाँउपालिकाको १० बर्षे रणनितिक योजना तयारी गर्नको लागि आवश्यक मार्गदर्शन प्रदान गर्नुका साथै कार्य प्रकृयामा सहजकता प्रदान गर्नु,

## सन्दर्भ (Context)

संवैधानिक व्यवस्था अनुसार स्थापित संघीयताको मर्म स्वरुप ७५३ स्थानीय सरकार, ७ प्रदेश सरकार र संघीय सरकारहरु आर्थिक सामाजिक विकास र सुशासन कायम गर्न पूर्णरुपमा स्वतन्त्र छन्। राज्यले निर्माण गर्ने विकासका कार्यक्रमले सिमान्तकृत समुदायलाई मूलधारमा ल्याउनु, दिगो आर्थिक विकास हासिल गर्नु, वातावरणीय सन्तुलन कायम गर्नु र नागरिक सुरक्षामा स्थानीय सरकारलाई जिम्मेवार हुन प्रेरित गर्दै समग्र राष्ट्रको संमद्धि हासिल गर्ने लक्ष्य सहितका कार्यक्रमलाई प्राथमिकता प्रदान गरेको छ। संविधानले संघीय शासन प्रणाली अन्तरगत तीनै तहका सरकारको आ–आफ्ना स्वायत्त र साझा अधिकार क्षेत्रहरुको स्पष्ट व्यवस्था गरिएको छ। जस अनुसार गाँउपालिकाले आफ्नो विकास र समृद्धिको लागि संघीय र प्रदेश सरकारसंग समन्वय गर्दै, स्थानीय सरकारको अन्तरनिहित अधिकारको प्रयोग गर्न स्वतन्त्र छ।

राज्यको निर्देशक सिद्धान्तका आधारमा सरकारले निर्माण गरेको आवधिक योजना, नीति तथा कार्यक्रमहरु समाजवाद उन्मुख अर्थतन्त्र स्थापनार्थ केन्द्रित रहेका छन्। जस अनुसार नीजि, सहकारी र सार्वजनिक तीन खम्वे अर्थनीतिलाई राष्ट्रिय विकासको कार्यदिशाका रुपमा ग्रहण गरेको छ। साथै दिगोविकास र सामाजिक न्यायको आधारमा समृद्धि हासिल गर्ने लक्ष्य राखिएको छ। संविधान भित्र रहेर कानुन तथा नीतिको निर्माण, आर्थिक स्रोतको व्यवस्था, स्थानीय आवश्यकता अनुरुपका विकास योजना तर्जुमा गर्ने अधिकार राख्दछ।


यस योजनाले गाँउपालिकाको दिर्घकालिन परिकल्पना, ध्येय, लक्ष्य, विकासका रणनीतिक दिशा तथा क्षेत्रगत विकास पहिचान गरेको छ। रणनीतिक पत्रमा विकासका क्षेत्रहरुको सूची तयार पार्नुका साथै ती क्षेत्रहरु लक्षित विकास योजनाको खाका समेत प्रस्तुत गरिएको छ।

**सरावल गाँउपालिकाको परिचय (Brief Introduction of Sarawal)**

नेपालमा पहिलोपटक भएको संविधान सभाबाट संविधान निर्माण भइ सदियौ देखि रहेको एकात्मक तथा केन्द्रिकृत शासन व्यवस्थाबाट संघीय लोकतान्त्रिक गणतन्त्र मुलुकको रुपमा रुपान्तरण गर्ने क्रममा नयाँ व्यवस्था गरिएका ७५३ स्थानीय तह मध्ये नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) जिल्लामा ७ स्थानीय तहको व्यवस्था भएको छ जस मध्ये सरावल गाउपालिका चुरे पहाड देखि भारतको सिमाना सम्मको भूभाग ओगटेको अत्यन्तै सम्भावन बोकेको सुन्दर, उर्वर भूमि, औधोगिक, कृषि, पर्यटन र व्यापारको प्रचुर सम्भावना रहेको क्षेत्र हो। साविक तिलकपुर, मनरी, सरावल, बडहरादुबौलिया, रामपुर खडौना र भुजहवा गा.वि.स. मिलाएर सरावल गाऊपालिका गठन भएको हो। यसको केन्द्र साविक सरावल गा.वि.स. को कार्यालयमा रहेको छ २०६८ को जनगणना अनुसार ३७४१८ जनसंख्या रहेको यस गाऊँपालिकाको क्षेत्रफल ७३.१९ वर्ग कि. मि. र २०७४ को निर्वाचनको तथ्यांक अनुसार कुल २०८१९ मतदाता रहेका छन्। यस गाऊँपालिकको पूर्वमा प्रतापपुर र बर्दघाट नगरपालिका, पश्चिममा पाल्हिनन्दन गाऊँपलिका र रामग्राम नगरपालिका उत्तरमा बर्दघाट र सुनवल नगरपालिका, दक्षिणमा भारत पर्दछन्। जातीय, भाषिक र सांस्कृतिक विविधता भित्रको एकता विशेषताको रुपमा रहेको यस गाऊँपलिकाको मुख्य पेशा कृषि भएपनि व्यापार सरकारी अर्धसरकारी र वैदेशिक रोजगारी आर्थिक श्रोतको रुपमा रहेको छ।

**सरावलको भौगोलिक अवस्थिति (Geographical Location of Sarawal)**

साविकको तिलकपुर, मनरी, सरावल, बडहरादुबौलिया, रामपुर खडौना र भुजहवा गा.वि.स. गाविसहरुको साझा संगम




| | |
|---|---|
| क्षेत्रफल | : ७३.१९ वर्गकिलोमिटर |
| कुल जनसंख्या | : ३४ हजार ४ सय १८ |
| भाषा | : मुख्य भोजपुरी |
| पूर्वमा | : प्रतापपुर र बर्दघाट नगरपालिका |
| पश्चिममा | : पाल्हिनन्दन र रामग्राम |
| उत्तरमा | : बर्दघाट र सुनवल नगरपालिका |
| दक्षिणमा | : भारत |
| वडा | : ७ |

**सरावलको प्रशासनिक विभाजन (Administrative Division)**

| | |
|---|---|
| प्रदेशको नाम | : लुम्बिनी प्रदेश |
| संघीय निर्वाचन क्षेत्र नं. | : १ र २ |
| प्रदेश निर्वाचन क्षेत्र नं | : १ ख र २ क |
| वडा संख्या | : ७ |

**वडागत रुपमा प्राथमिकीकरण**

तथ्यपरक ढङ्गवाट सवै वडाहरुको तुलना गर्न र योजनाका प्राथमिकता निर्धारण गर्न सकियोस् भनी विभिन्न दशवटा सुचक वा अवस्था राखी तुलनात्मक विश्लेषण गरिएको छ। हरेक सुचकले अधिकतम् अंक १० रन्युनतम अंक १ दिईन्छ। तालिकामा दिईएको समग्र अंकमा सवैभन्दा राम्रो अवस्थाका वडालाई बढी अंक रसवै भन्दा खराव अवस्थाको वडालाई कम अंक प्राप्त हुनेछ। वडाहरुको विश्लेषण गर्दा सातवटा वडाहरुमध्ये सवैभन्दा राम्रो अवस्था क्रमश वडा नं. १ देखि ३ सम्म रहेका छ भने वडा नं. ७ भने सवै भन्दा कम नम्वर ल्याई विकासको पहिलो प्राथमिकतामा परेको छ। वडा नं. ४,५ र ६ ले उस्तै स्तरमा विकास पथमा अगाडी बढेको देखिन्छ।

औषत सूचांकका आधारमा हेर्दा निजी तथा सहकारीको लगानी, जनसंख्या शिक्षा र विपद् तथा प्राकृतिक प्रकोपको जोखिमलाई सम्बोधन हुने कार्यक्रमहरुले प्राथमिता पाएका छन् । समग्र देशको विकासको अवस्थालाई हेर्दा यस गाउँपालिकाको हालसम्म उपलब्ध उपलब्धी औषत कै हाराहारीमा छ। समग्रमा लगानी गर्ने एजेन्सीहरुको परिचालन गर्न सके यस गाँउपालिकाले काँचुली फेर्न सकिन्छ।

**तालिकाः वडागत प्राथमिकता सूची**

| क्र. सं. | सूचकांक | वडाहरु | | | | | | | औषत सूचक अंक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | |
| १ | सडक सञ्जालसंग पहुँच र नेटवर्क विस्तार | ४ | १ | ३ | ३ | २ | २ | २ | १७ |
| २ | कुल पालिकाको जनसंख्याको आयतन | ३ | ५ | ४ | ३ | १ | १ | १ | १८ |
| ३ | गरिव, दलित र पिछडावर्गको जनसंख्या | २ | २ | ४ | ४ | १ | १ | १ | १५ |
| ४ | शिक्षा सेवाको विस्तार र पुर्वाधार | ४ | ३ | २ | २ | १ | १ | १ | १४ |
| ५ | स्वास्थ्य सेवाको विस्तार र पुर्वाधार | ३ | ३ | २ | २ | ३ | २ | १ | १६ |
| ६ | प्राकृतिक प्रकोप र विपद जोखिमको अवस्था | २ | २ | १ | २ | ३ | २ | २ | १४ |
| ७ | सरसफाई तथा खानेपानी र उर्जाको आपुर्तिको अवस्था | ३ | ४ | ३ | १ | २ | १ | १ | १५ |
| ८ | आवास/वस्तिको मापदण्डमा आधारित व्यवस्थापन र विस्तार | १ | १ | १ | २ | २ | २ | २ | ११ |
| ९ | जीविकोपार्जनको लागी वहुपक्षिय अवसर र अवस्था | २ | ३ | २ | २ | १ | १ | १ | १२ |
| १० | निजी तथा सहकारी लगायतक्षेत्रहरुको लगानी अवस्था | ३ | १ | १ | १ | १ | ३ | ३ | १३ |
| | जम्मा | २७ | २५ | २३ | २२ | १७ | १६ | १५ | १४५ |
| | विकासको आधार प्रतिशतमा | १८.६२ | १७.२४ | १५.८६ | १५.१७ | ११.७२ | ११.०३ | १०.३४ | |
| | विकासमा प्राथमिकता | सातौ | छैठौ | पाचौ | चौथो | तेस्रो | दोस्रो | पहिलो | |

स्रोतः वडा स्तरिय छलफलमा वडाबाट समग्र विकास सुचकांकमा राम्रो १ वडा हुदै क्रमश ७ सम्म रहेको जानकारी प्राप्त भएको।

# खण्ड दुई: नीतिगत तथा कानूनी आधार

**नीतिगत र कानूनी आधार (Lega land Policy Basic)**

नेपालको संविधान २०७२ को धारा ५० मा उल्लेख गरिए अनुसार,"राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मासात गर्दै देशमा उपलब्ध स्रोत साधनको दिगो उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिदै प्राप्त प्रतिफलहरुको न्यायोचित वितरण गर्ने" । भनी उल्लेख भए अनुसार नै यस गाँउपालिकाको रणनितिक योजना तयार पार्ने योजना रहेको छ। यो रणनितिक योजना निर्माणको लागि प्रारम्भिक चरणको अध्ययन प्रतिवेदनको कार्य गर्ने भएको हुँदा अब बन्ने रणनितिक योजना वास्तविकतामा आधारित र जनताको पूर्ण सहभागिताबाट बन्ने सुनिश्चित हुनेछ।

स्थानीय शासन संचालन ऐन २०७४ को परिच्छेद ६ को दफा २४ अन्तर्गते आवधिक विकास योजना तथा रणनितिक सम्बन्धी निम्न अनुसार व्यवस्था गरिएको छ।

१) गाउँपालिका तथा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषयगत, क्षेत्रगत, मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नु पर्नेछ।

२) उपदफा (१) बमोजिम योजना बनाउदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, वालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ।

३) गाउँपालिका तथा गाउँपालिकाले उपदफा (१) बमोजिमको योजना बनाउँदा देहायका विषयलाई प्राथमिकतादिनु पर्नेछ।

(क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,

(ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,

(ग) जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने,

(घ) स्थानीय बासिन्दाहरुको सहभागीता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,

(ङ) स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने,

(च) महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

(छ) लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,

(ज) दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने,

(झ) भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिबृद्धिमा सघाउ पुऱ्याउने,

४) गाउँपालिका तथा गाउँपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धिजिवी, विषय विज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित युवा, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक लगायतका अन्य सरोकारवालाहरुको अधिकतम सहभागितामा गर्नु पर्नेछ।

५) गाउँपालिका तथा गाउँपालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्रमाणिकरण, योजना कार्यन्वयन तालिका र अनुगमन तथा मूल्याङ्न योजना समेत तयार गर्नुपर्नेछ।

६) नेपाल सरकार तथा प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी सो कार्यान्वयन गर्न प्रक्रिया निर्धारण गरेकोमा गाउँपालिका तथा गाउँपालिकाले सोही प्रक्रिया बमोजिम सो कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ।

७) गाउँपालिका तथा गाउँपालिकाले नेपाल सरकार वा प्रदेश सरकारसँगको संयूक्त लगानी वा सार्वजनिक निजि साझेदारीमा कुनै योजना सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ।

८) गाउँपालिका तथा गाउँपालिकाले सङ्घीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्नु पर्नेछ।

९) गाउँपालिका तथा गाउँपालिकाले स्थानीयस्तरका विकास आयोजनाको आवश्यक अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्नको कार्य गर्न सक्नेछ।

**रणनीतिक योजनाको सैद्धान्तिक आधार (Theositical Basis of Strategic Plan)**

**१ समाजवाद् उन्मुख आर्थिक विकास (Socialist Oriented Economic Development)**

राष्ट्रिय विकासको सैद्धान्तिक आधारको रुपमा समाजवाद उन्मुख आर्थिक विकासलाई नेपालको संविधान २०७२ मा नै उल्लेख गरिएको छ। हालको सन्दर्भमा समाजवाद उन्मुख आर्थिक विकासमा विकासका क्षेत्रहरुमा आमनागरिकको लगानी र उत्पादनको उपभोग तथा वितरणमा सामाजिक न्यायको सिद्धान्तलाई अवलम्बन गर्नुका साथै वातावरणमैत्री दिगो विकासलाई आधार मानिएको छ।

यसका मुख्य अर्न्तनिहित तत्वहरु निम्न अनुसार लिईएको छ।

- दिगो र एकिकृत विकास
- न्यायपूर्ण र समानतामा आधारित विकास र प्रतिफलको वितरण
- नीजि, सहकारी र सार्वजनिक साझेदारिता
- पूर्वाधारमा लगानी
- सामाजिक सूरक्षा

पछिल्लो समय सरकारले लिएको आर्थिक विकासको तीन खम्बे नीति, सार्वजनिक, निजी र सहकारी साझेदारी विकास पहललाई समाजवाद उन्मुख आर्थिक विकासको अवधारणामा लैजानु पर्दछ। यसले नै राष्ट्रिय पुँजी निर्माण गरी आन्तरिक पुँजीको बृद्धि हुनेछ। आन्तरिक पुँजीको बृद्धिले बाह्य पुँजी लगानीको क्षेत्रमा पूर्वाधार तयार पारिने र बाह्य पुँजी र आन्तरिक पुँजीका संयुक्त लगानीका उद्योगले राष्ट्रिय आयमा बृद्धि भई राष्ट्रको आर्थिक बृद्धिहुनेछ।

यसरी हुने आर्थिक संबृद्धि संगै राष्ट्रले सामाजिक सुरक्षा बहनको क्षेत्र व्यापक बनाउन सक्ने छ र त्यसको प्रतिफल बिपन्न, गरिब, असहाय, बृद्ध, बालबालिका, पछाडि पारिएको वर्ग, क्षेत्र र लिंग, लोपन्मुख जातजाती आदिमा राज्यले सामाजिक सुरक्षा सुविधामा बृद्धि गर्ने छ। राज्यले उद्यमीहरुलाई लगानीको अवसर सिर्जना गर्ने, वित्तिय स्रोत जुटाइदिने र सबै कारका सेवा, उत्पादन र व्यापार क्षेत्रलाई करको दायरा भित्र ल्याउनु पर्दछ। कर प्रणाली बैज्ञानिक र प्रगतिशिल हुन आवश्यक छ।

२. **सुशासन र सार्वजनिक उत्तरदायित्व (Good Governance and Social Responsibility)**

सुशासनको मुख्य तत्वहरु जनउत्तरदायित्व, पारदर्शिता, जवाफदेहिता, विधिको शासन, सहज र सिघ्र सार्वजनिक सेवा प्रवाह पर्दछन्। हरेक स्थानीय सरकारले सुशासनका यी विषयहरुलाई आफ्ना काम कार्वाहि र सेवाप्रवाहमा अवलम्बन गर्ने र त्यसको उपयुक्त अनुगमनको व्यवस्था गरिनु पर्दछ। राज्यको जिम्मेवारी बाँडफाँडको सिद्धान्तलाई विशेषज्ञहरुबाट मूख्य गरी दुई किसिमले बर्गिकरण गरिएको पाइन्छ।

क) दक्षताको सिद्धान्तः यस सिदान्त अनुसार विविध आवश्यकता र रुचिलाई संतुष्टि हुने गरी सबैभन्दा कम मूल्यमा कार्यकुशलता र प्रभावकारी सार्वजनिक सेवा दिनुपर्ने।

ख) सन्निकटताको सिद्धान्तः सार्वजनिक सेवाका लागि कार्यविनियोजन गर्दा सबैभन्दा तल्लो तहका सरकारलाई सुम्पिनु पर्ने र उसले गर्न नसक्ने भएमा मात्र सोभन्दा माथिल्लो निकायले जिम्मेवारी लिनु पर्ने मान्यता राख्दछ। राज्यको सबैभन्दा तल्लो निकाय वा स्थानीयसरकार जो जनताको नजिक रहने र करदाता जनताको आवश्यकता र रुचीसंग बढी परिचित एवं उत्तरदायीपनि हुन्छ र जनताप्रति बढी जवाफदेही हुने गर्दछ। सुशासनका मुख्य सूचांकहरु निम्न अनुसार लिइएको छ।

- विधिको शासन,
- सार्वजनिक उत्तरदायित्व
- पारदर्शिता
- जवाफदेहिता
- सामाजिक समावेशीकरण

हरेक स्थानीय सरकारले सुशासनका यी तत्वहरुलाई काम कार्वाही, योजना र सेवाप्रवाहमा अवलम्बन गर्न त्यसको उपयुक्त अनुगमनको सूचांक तयार पारी लागू गर्नु पर्नेछ।

**३ विकासका आयामहरुको प्रवर्धन (Promotion of Contemporary Development Paradigm)**

- लैंगिक समानता र सामाजिक समावेशीकरण (GESI)
- दिगो विकास र समृद्धि (Sustainable Development & Economic Prosparity)
- वातावरणीय सन्तुलन (Environment Balance)
- बालमैत्री स्थानीय शासन (CFLG)
- अपाङ्गमैत्री भौतिक संरचना तथा योजना आचारसंहिता (Disability Friendly Infrastructure and Planning Code of Conduct)

# खण्ड तीनः तर्जमा विधि

## रणनीतिक योजना तर्जमा विधि (Methodology of Strategic Paper Development)

**सन्दर्भ सामाग्री, योजना र प्रतिवेदन पुनरावलोकन (Review of Reference Meterirals and Plannning and Reports)**

यो रणनीति योजना तयारीको क्रममा सैद्धान्तिक विधि र व्यवहारिक अभ्यास दुबैलाई अवलम्बन गरिएको छ। विभिन्न देशमा स्थानीय निकायहरुले अख्तियार गरेका महत्वपूर्ण विकासका रणनीति योजनाहरुलाई सन्दर्भ सामाग्रीका रुपमा ग्रहण गरिएको छ। त्यसै गरि नेपाल सरकारको अग्रसरता निर्माण गरिएका जिल्ला विकास समिति तथा नगरपालिकाहरुका रणनीतिक तथा गुरु योजनाहरुलाई अन्य सामाग्रीका रुपमा लिईएको छ। भुकम्प पश्च्यात पुर्ननिर्माण तथा विकास आवधिक रणनीतिक योजनालाई नमुना रणनीतिक योजनाको रुपमाग्रहण गरिएको छ। व्रोडभिजन संलग्न रहेका कतिपय अध्ययन दस्तावेज र नेपाल सरकार, केन्द्रिय तथ्यांक विभाग संलग्न भई प्रकाशन गरिएका अध्ययन प्रतिवेदनलाई सर्न्दभ सामाग्रीका रुपमा ग्रहण गरिएको छ। नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४ र नेपाल सरकार, संघीय मामला मन्त्रालयद्वारा जारी निर्देशिका र संघीयता सम्बन्धी कार्यदलका प्रतिवेदनहरुलाई मार्ग दर्शनका रुपमा लिईएको छ।

**सरावल गाँउपालिकाको योजनाहरु र प्रतिवेदनको पुनरावलोकन (Review of Planning and Reports of Sarawal Rural Municipality)**

सरावल गाँउपालिकाले अघिल्लो आर्थिक वर्ष २०७८/७९ का लागि पेश गरेको वार्षिक योजना र चालु आर्थिक वर्ष २०७९/८० का लागि प्रस्तावित नीति तथा कार्यक्रमलाई मिहिन रुपमा अध्ययन गरिएको छ। गाँउपालिकाले तयार गरेका पालिका प्रोफाइल लगायतका आवधिक विकास योजना चरणलाई सर्न्दभ सामाग्रीका रुपमा लिईएको छ भने विगतका योजनाहरुको समिक्षा तथा अभिलेखहरुलाई सार्न्दभिक रुपमा ग्रहण गरिएको छ। राजनीतिक दलहरुले स्थानीय निर्वाचनमा प्रस्तुत गरेका चुनावी घोषणा पत्रहरुलाई समेत अध्ययन गरिएको छ।

**आवधिक योजनाको लेखाजोखा (Assessment of Periodic Plan)**

संघीय सरकार, लुम्बिनी प्रदेश सरकार र सरावल गाँउपालिकाले प्रस्तुत गरेका नीति तथा कार्यक्रम, विकास योजना र अर्थ विधेयकलाई रणनीति योजना तयार गर्ने क्रममा अध्ययन र लेखाजोखा गरिएको छ। सरकारबाट प्राथमिकता

तोकिएका क्षेत्रहरुलाई स्थानीय सान्दर्भिकताका आधारमा प्रस्तावित कार्यक्रममा पनि प्राथमिकतामा राखिएको छ। सरकारका वार्षिक योजनालाई वृहत क्षेत्रगत सूचिमा राखी लेखाजोखा गरिएको छ र विज्ञ समूहबाट आवश्यक सम्पादन र संश्लेषण सहित स्थानीय सरावल गाँउपालिकाको कार्यक्रमको सूचीमा समावेश गरिएको छ।

**निर्वाचित जनप्रतिनिधि, बिष्यगत समिति र कर्मचारी वर्गसंग अन्तरक्रिया (Interaction with Elected Leadership, Thematice Committee and Staffs)**

निर्वाचित जनप्रतिनिधि र विषयगत समितिका प्रतिनिधिहरुसँग विभिन्न पटक अर्न्तक्रिया गरी गाँउपालिकाको परिकल्पना, ध्येय, रणनीतिक सवाल, दिशा र प्रस्तावित क्षेत्रगत योजनाहरुको विषयमा छलफल अर्न्तक्रिया गरियो । समूह केन्द्रित छलफल र खुल्ला छलफल विधिबाट गरिएका छलफलमा खुल्ला प्रस्ताव र ड्राफ्ट प्रस्तावका आधारमा गहन छलफल गरियो। छलफललाई अर्न्तक्रियात्मक बनाउन खुल्ला प्रश्न-उत्तर र विचार संकलन विधिबाट राय सल्लाह लिईएको थियो। विषेश गरी कृषिजन्य वस्तुहरुको उत्पादन वृद्धिको लागि आवश्यक योजना, ऐतिहासिक तथा धार्मिक महत्वका स्थान संरक्षण र प्रवर्धन, वैज्ञानिक खोजमूलक वस्तु तथा प्रविधि, साधन र स्रोतको मूल्यांकन, वन संरक्षण, भौतिक निर्माण सामाग्रीका उद्योगहरु, अन्य उत्पादनमूलक उद्योगहरु, थोक तथा खुद्रा पसलहरु, यातायात तथा संचार सेवा जस्ता विषयमा पनि पुरक छलफल गरिएको थियो । कर्मचारीहरुसंग अन्तरव्यक्ति सम्वाद विधिद्धारा समस्या र समाधानका उपायहरुका विषयमा केन्द्रित भई छलफल गरिएको थियो।

**प्रस्तूति र पृष्ठपोषण (Presentation and Feedback)**

विभिन्न पटकको छलफलबाट निस्किएका निष्कर्ष र वुदाँहरुलाई रणनीतिक योजनाको ढाँचामा राखी ड्राफ्ट पत्र तयार गरी छलफल तथा अभिमुखिकरण कार्यक्रमबाट पृष्ठपोषण लिने काम गरियो । अन्तिम कपि प्रकाशन हुनु अघि सबैको सुझावका लागि एकप्रति गाँउपालिकाको सूचना शाखामा राखिएको थियो। यथोचित सुझावलाई हरेक वर्ष अध्यावधिक गर्दै लगिने छ। हरेक वर्ष गरिने अनुगमन र मूल्याकंनबाट रणनीति योजनालाई संसोधन गर्दै लगिने प्रतिबद्धता प्राप्त भए।

## खण्ड चारः सोच, लक्ष्य र उद्देश्य (vision, goals and objectives)

**गाउँपालिकाको प्रमुख संभावना तथा अवसरहरु**

सरावल गाँउपालिका अत्यन्त संभावना भएको नेपालको नमूना गाउँ मध्येको एक हो । व्यवस्थित बसोबास, स्वास्थ्य तथा शिक्षा, उद्योग व्यवसाय, हरियाली, जैविक विविधता, पर्यटन र भौगोलिक संगम (Niche) यस गाउँपालिकाको मुख्य विशेषता हो। यो गाउँपालिका सङ्घीय नेपालको लुम्बिनी प्रदेशमा अवस्थित रहेको छ। यसैगरी यो गाउँपालिका छिमेकी मुलुक भारत प्रवेश गर्ने व्यापारिक नाका दक्षिणमा अवस्थित छ।

नेपालको राष्ट्रिय गौरवको गण्डक नहर सिंचाई आयोजनाबाट गाउँपालिकाको दक्षिणी क्षेत्रको कृषि क्षेत्रलाई सिंचित गर्नेछ। शसस्त्र प्रहरी बल, नेपाल आर्मी र नेपाल प्रहरीको कार्यालय समेत गाउँपालिकामा रहेको हुँदा शान्ति सुरक्षाको वातावरण सकारात्मक रहेको छ। गाउँपालिकाको प्रमुख विशेषता, संभावना तथा अवसरलाई बुँदागत रुपमा देहायअनुसार प्रस्तुत गरिएको छ :

- नगरपाालिकाको रुपमा विकास र विस्तार
- विकसित र व्यवस्थित बसोबासको वातावरणमैत्री शहर
- आदीबासी/जनजाती समुदायको साँस्कृतिक केन्द्र र पर्यापर्यटकीय शहर
- पार्क र वगैचाको हरित शहर
- गाउँ र शहरको संगम र अन्तरसम्बन्धको गाउँ
- शैक्षिक विकास र स्वास्थ्य सेवाको उत्कृष्ट शहर
- नविन उद्यम र व्यवसायको केन्द्र उन्मुख शहर

**गाउँपालिकाका प्रमुख समस्या तथा चुनौतिहरु**

प्रचुर संभावनाको बाबजुद यस गाउँपालिकामा सुख्खा क्षेत्र र पानीको स्रोत कमी, भूमिगत पानी सतह धेरै तल हुनु, बढ्दो जनसंख्या, बसाइसराई गरी आउने जनसंख्या तिव्र बृद्धि शहरीकरणको चाप बढ्दै जानु र भूउपयोग योजना तर्जुमा भई कार्यान्वियन हुन नसक्नु जस्ता समस्या र चुनौतिहरु यस गाउँपालिका टड्कारो रुपमा देखिएका छन् । यसैगरी फोहोरमैला व्यवस्थापन अवको दिनमा मुख्य समस्याको रुपमा देखा पर्ने स्थिति देखिन्छ। पानीको समस्या, कृषि जमीन अव्यस्थित बसोबास र कंक्रिटको शहरमा बदलिने संभावना बढ्दै गएको छ।

खानेपानी, ढल व्यवस्थापन, शहर र बजार क्षेत्रमा खुल्ला स्थानको अभाव र भूउपयोग क्षेत्र निर्धारण

योजना बिना नै अस्पताल र उद्योगको स्थापना र संचालनले हरियाली र वातावरणमा नकारात्मक प्रभाव पर्न सक्ने देखिन्छ। गाउँपालिकामा पानीको समस्या आगामी दिनमा विकराल बन्दै जान सक्ने देखिन्छ। भावि दिनमा प्रदेश र स्थानीय तहको समायोजन प्रक्रियामा राजनीतिक खिचातानिबाट समेत यो गाउँपालिका प्रभावित हुन सक्ने संभावना देखिन्छ। जलवायु परिवर्तनको नकारात्मक असरबाट यस गाउँपालिकामा पानीको उपलब्धता, हरियाली क्षेत्र तथा कृषि उत्पादनमा नकारात्मक प्रभाव पर्ने देखिन्छ। यस गाउँपालिकाको प्रमुख समस्या तथा चूनौतिलाई देहाअनुसार बुँदामा संक्षेपीकरण गर्न सकिन्छ।

- जलवायु परिवर्तनबाट नकारात्मक असरमा बृद्धि र सुख्खा क्षेत्र
- खानेपानी तथा प्रयोजनको पानीको उपलब्धता र सतह उपयोग न्यूनता
- फाहोरमैला विशेष गरी तरल फोहोर व्यवस्थापन समस्याबाट उत्पन्न हुन सक्ने दुर्गन्ध
- कृषि जमीनको रुपान्तरण र अव्यवस्थित बसोबास/वस्तीको विकास
- वन तथा हरियाली क्षेत्रको विनास
- आदिवासी जनजाती सँस्कृति, भाषा, भेषभुषा र परामपरागत ज्ञानकोह्रास/लोप
- प्राकृतिक, साँस्कृतिक, धार्मिक तथा ऐतिहासिक सम्पदा विनास
- वायु, जल, माटो र ध्वनी प्रदुषण तिब्र बृद्धि

**गाउँपालिकामा कृषिको चुनौती रसमस्याहरु कृषि**

निर्वाहमुखी कृषि उत्पादन खाद्य सुरक्षाको अभाव न्यून उत्पादन उन्नत जात, जातको पशुपालन तथा व्यवसायिक पशुपालनको अवस्था न्यून आयातमुखी हाम्रो सोच, व्यवहार तथा संस्कृति सिंचाईको अभाव जैविक मल उन्नत जात वीऊ उत्पादन आधुनिक प्रविधि प्राविधिकको अभाव कृषिजन्य उत्पादनको संकलन केन्द्र भण्डारण तथा बजार व्यवस्थापनको कमजोरी सुचनाको पहुंचको कमी सामुहिक खेती किसानको वर्गीकरण नहुनु यस पालिकाको मुख्य समस्या हो।

**पर्यटन तथा संस्कृति**

पर्यटन सम्बन्धि स्थानीय कानुन नीति नहुनु मुख्य समस्या हो। लुम्बीनी संग जोडिएको भएता पनि यस पालिकाले पर्यटक आकर्षित गर्न सकेको छैन। पर्याप्त होटल नहुनु, यहाँको पर्यटकीय स्थलको प्रचार प्रसार नहुनु मुख्य समस्या हुन्।

**उद्योग व्यापार व्यवसाय**

- उद्योग तथा उद्यमशिलता कमी औद्योगिक पूर्वाधारको अभाव औद्योगिक क्षेत्रको निर्माण नहुनु,
- दक्ष जनशक्ति अभाव व्यवसायिक क्षमतामा कमी,
- उत्पादित कृषि जन्य उत्पादनको संकलन प्रशोधन भण्डारणको अभाव प्रशोधन विना नै निकासी गर्नुपर्ने वाध्यता, तथ्याङ्कको अभाव, सुचनाको पहुंचको कमी।

**शिक्षा**

- विद्यालय भौतिक संरचना कमजोर हुनु,
- अपाङ्गमैत्री पूर्वाधार नहुनु,
- गुणस्तरीय शिक्षामा पहुंचको कमी,
- प्राविधिक विद्यालयको कमी,
- लक्षित समुहका वालवालिकाको विशेष शिक्षामा पहुंचको अभाव,
- शैक्षिक सामाग्री जस्तै ल्याव, पुस्तकालयको कमजोर व्यवस्थापन,
- विषयगत शिक्षक तथा पेशागत दक्षतामा कमी,
- स्थानीय पाठ्यक्रम निर्माणको अभाव,
- खानेपानी, खेलमैदान, शौचालय जस्ता पूर्वाधार वालमैत्री तथा अपाङ्गमैत्री नहुनु।

**स्वास्थ्य**

- स्वास्थ्य केन्द्रहरुमा प्रसुति सेवाको कमी
- सरुवा रोगको प्रकोप बढ्दै जानु
- खोप कार्यक्रम प्रभावकारी नहुनु
- स्वास्थ्य केन्द्रमा आवश्यक उपकरणको अभाव
- दक्ष जनशक्ति तथा चिकित्सकको कमी
- निःशुल्क उपलब्ध गराइएका औषधी तथा अति आवश्यक औषधीको उपलब्धता र वितरणमा समन्वयनको अभाव

- Cold maintainer चिसियान केन्द्रमा राख्नु पर्ने, औषधीको व्यवस्थापनमा कमी
- अपाङ्ग तथा वालवालिका वृद्धा वृद्धको स्वास्थ्य संस्थामा पहुंचको अभाव
- गाउँघर क्लिनिकको व्यवस्थापकीय अवस्था कमजोर
- स्वास्थ्य तथा पोषण आहार सम्बन्धि जनचेतनाको अभाव।

**खानेपानी**

- प्राकृतिक तथा मानवजन्य कारणले पानीका मुहान स्रोतमा ह्रास आउनु
- जनचेतनाको अभाव
- खानेपानी वितरण प्रणाली मापदण्ड अनुरुप नहुनु
- स्वच्छ खानेपानी व्यवस्था नहुंदा पानीजन्य सरुवा रोगको प्रकोप बढ्नु
- प्राकृतिक तथा मानव जन्य कारणले क्षति भएका पानीका स्रोतको व्यवस्थापन नहुनु।

**स्थानीय यातायात**

- पालिका भित्रका सडक अधिकांश कच्ची तथा मौसमी सडक रहनु
- महत्वपूर्ण सांस्कृतिक धार्मिक ऐतिहासिक पर्यटकिय स्थानसम्मको सडक संजाल व्यवस्थित नहुनु
- प्रारम्भिक अध्ययन विना नै सडक निर्माण हुनु
- सडक निर्माण गर्दा सडक निर्माणको मापदण्ड पालना नगर्नु
- सडक संजालको उचित व्यवस्थापन नहुंदा ग्रामीण क्षेत्रमा आर्थिक क्रियाकलापमा कमी।

**आवास तथा वस्ती विकास**

- पालिकाका सेवा प्रदायक संस्थाहरुको भौतिक संरचना पर्याप्त नहुनु,
- भवन निर्माण आचारसंहिताको प्रभावकारी कार्यान्वयन नहुनु,
- एकिकृत वस्ती विकास कार्याक्रमको कार्यान्वयन नहुनु।

**सुशासन तथा संस्थागत विकास**

- तथ्याङ्कको कमी योजनागत अनुभव को अभाव।
- दक्ष जनशक्तिको अभाव।
- पर्याप्त नीतिगत एवं कानुनी व्यवस्था अभाव।
- संस्थागत पूर्वाधार कमजोर हुनु।
- अन्तर सरकार तथा अन्तर निकायका बिच समन्वय को अभाव हुनु।

**गाउँपालिकामा व्यापार तथा व्यवसायको सम्भावना**

साना तथा घरेलु उद्योगहरूको स्थापनाबाट केही हदसम्म रोजगारी तथा आयआर्जनका सम्भावनाहरू रहेका छन्। गाउँघरमा नै सञ्चालन गर्न सकिने खाद्य प्रशोधन ब्यवसाय सञ्चालन गर्नसके ग्रामीण जनताको जीवनस्तरमा सुधार ल्याउन सकिन्छ।

**गाउँपालिकाको दीर्घकालिन सोच**

नेपालको अत्यन्त संभावनायुक्त सरावल गाउँपालिका बसोबास, व्यावसाय, शैक्षिक र भौगोलिक संगमस्थलको रुपमा विकासको पथमा अगाडि लम्कदैछ। गाउँको यही विशेषतालाई आधारमा मानी दीर्घकालिन सोच निर्धारण गरिएको छ। गाउँ विकासको दीर्घकालिन सोच निर्धारण गर्दा स्थिति विवरण र द्धितिय स्रोतवाट प्राप्त आधार सूचना तथा आवधिक विकास योजनाको दस्तावेजलाई मध्यनजर गरिएको छ। गाउँ विकासको दीर्घकालिन सोच देहायअनुसार रहेको छः

**"स्वास्थ्य, शिक्षा, कृषि र पूर्वाधार, समृद्ध सरावलको आधार"**

गाउँपालिकाको भौतिक, आर्थिक तथा सामाजिक रुपान्तरण, हरियाली र वातावरणीय संरक्षणलाई गति प्रदान गर्न तय गरिएको गाउँपालिकाको दीर्घकालिन सोचलाई साकार पार्ने दिशामा उत्मुख हुन विकासका मार्गदर्शक सिद्धान्तहरु तय गरिएका छन्। प्रस्तुत विकासका निर्देशक सिद्धान्तहरुले स्वास्थ्य, शिक्षा, कृषि र औद्योगिक विकासलाई उच्च प्राथमिकता दिई विकास योजना, कार्यक्रम तथा परियोजनाहरुको पहिचान, छनौट र कार्यान्वयन प्रक्रियालाई दिशावोध गर्न रुपरेखा प्रदान गर्नेछन्। भौतिक संरचनाको निर्माण, आर्थिक तथा सामाजिक विकास गर्नु

रहेकोले यस गाउँपालिकाको दीर्घकालीन लक्ष्य स्वास्थ्य, शिक्षा, कृषि र पूर्वाधार, समृद्ध सरावलको आधार बनाउने भन्ने रहेको छ।

**लक्ष्य र उद्देश्य**

भौगोलिक, आर्थिक, साँस्कृतिक संगमको रुपमा उदयमान सरावल गाउँपालिकाको दीर्घकालिन सोच "स्वास्थ्य, शिक्षा, कृषि र पूर्वाधार, समृद्ध सरावलको आधार"हासिल गर्ने दिशामा यस रणनितिक योजनाको रुपमा रहनेछ। "स्वास्थ्य, शिक्षा, कृषि र पूर्वाधार, समृद्ध सरावलको आधार" यस रणनीतिक योजनाले विकास योजनाको लक्ष्य लिएको छ। गाउँपालिकाको दीर्घकालिन सोच अनुरुप उपरोक्त लक्ष्य हासिल गर्न रणनितिक योजनालेले देहाय अनुसारको उद्देश्य लिएको वा अपेक्षा गरेको छः

- कृषि तथा स्थानीय उद्योगलाई व्यवासायीकरण गरी गरिबीको अन्त्य गर्नु।
- स्थानीय अर्थतन्त्रमा सहयोगी मानव पूँजीको निर्माण गर्नु।
- उत्पादनका सम्पूर्ण साधनको उच्चतम प्रयोग गरी उत्पादकत्व बृद्धि गर्नु।
- दिगो र स्थीर साधनको विकास र विस्तार गर्नु।
- स्वस्थ, सुरक्षित, गतिशील समाजको निर्माण गर्नु।
- विभेद, हिंसा रहित, विविधताको प्रवर्द्धन तथा संरक्षण गरी सामाजिक सुरक्षा प्रदान गर्नु।
- स्वच्छ वातावरण, पर्यवरणिय सन्तुलन, विपद् उत्थानशील अर्थतन्त्रको निर्माण गर्नु,
- समुदायमा शान्ती र स्थिरता, स्वतन्त्रता, मौलिक हकको जगेर्ना हुने सहभागीतामुलक समाजको निर्माण गर्नु।
- कानूनी, सदाचारी, पारदर्शि र जवाफदेहिता भएको शासन सञ्चालन गर्नु।

**रणनीतिक स्तम्भका आधारहरु (Basis of Strategic)**

रणनीतिक योजनाले लिएको लक्ष्य, उद्देश्य र परिमाणात्मक लक्ष्य हासिल गर्न देहाय अनुसारका विषयहरुलाई विशेष प्राथमिकता दिई गाउँपालिकाको विकासका प्रयासहरु संचालन गर्ने रणनीति अवलम्बन गरिनेछः

१. **गाउँपालिकाको तीव्र र दिगो आर्थिक विकास गर्ने।**

गाउँपालिका भित्रको आर्थिक कृयाकलापलाई व्यवसायीकरण गरी आर्थिक बृद्धि हासिल गरिनेछ। आर्थिक कृयाकलापलाई तिब्रता दिन सार्वजनिक क्षेत्रको प्रभावकारीताको अधिबृद्धि संगै नीजि, सहकारी र सामुदायीक

क्षेत्रको सहभागीतालाई प्रोत्साहन गरिनेछ। स्थानीय स्रोत साधनको तुलनात्मक लाभका आधारमा उच्चतम उपयोग गरिनेछ। निस्क्रीय रुपमा रहेका श्रम, पूँजी, जमीन र संस्थालाई विषय क्षेत्रगत आधारमा रणनीति बनाई गतीशील बनाइनेछ।

**२. गाउँपालिकाको आर्थिक कृयाकलापमा सहयोगी मानव पूँजी निर्माण गर्ने।**

गाउँपालिका भित्र बसोबास गर्ने उत्पादनशील जनशक्तिलाई ज्ञान, सीप, चाहना र क्षमताका आधारमा गाउँपालिका भित्रको आर्थिक कार्यमा अनिवार्य रुपमा संलग्न हुनु पर्ने प्रावधान राखी उत्थानशील शिक्षा दिइनेछ।

**३. सुलभ र गुणस्तरिय स्वास्थ्य सेवा र शिक्षाको अवसर उपलब्ध गराइने।**

गाउँपालिका भित्र आधारभूत स्वस्थ्य सेवा सहितको स्वास्थ्य सेवा पूर्वाधारको विकास गर्दै स्वास्थ्य सेवामा स्थानीय जनताको समतामुलक पहुँच स्थापित गरिनेछ। गुणस्तरिय निशुल्क र अनिवार्य आधारभूत शिक्षा तथा निशुल्क माध्यामिक शिक्षाको विकास र विस्तार गरिनेछ। शिक्षाको विकास र विस्तार गर्न आबस्यकता र क्षमताको आधारमा भौतिक पूर्वाधार बढाउँदै लगिनेछ। स्वास्थ्य र शिक्षा क्षेत्रको समग्र विकासमा पालिकाले नेतृत्वदायी भूमीका निर्वाह गर्नेछ। सार्थ, निजी, सहकारी, सामुदायिक क्षेत्रको भूमीकालाई परिपूरकको रुपमा विकास गरिनेछ।

**४. अन्तरआबद्धता सहितको दिगो वस्ती विकास गर्ने।**

स्थानीय सडक सञ्जालको विकास र विस्तारका लागि एकीकृत यातायात प्रणालीमा आधारीत अन्तरआबद्धता विकास गरिने छ। गापा भित्रका मुख्य शहरी क्षेत्रमा निश्चित मापदण्डका आधारमा सडकको चौडाई सहितको विकास र विस्तार गरिनेछ। सूचना प्रविधि सम्बन्धि आधुनिक पूर्वाधार निर्माण गरी ई सेवालाई सर्वसुलभ बनाइनेछ। गाउँपालिकाको सेवा प्रवाहलाई विद्युतिय प्रणालीमा जोडिनेछ।

गाउँपालिकालाई शहरीकरण गरी व्यवस्थित गर्न आधुननिक, सुरक्षित र दिगो शहर एवं एकीकृत वस्ती विकास गरिनेछ। गाउँपालिका भित्रको खानेपानीलाई सर्वसुलभ बनाउनुको साथै फोहोर व्यवस्थापन गरिनेछ।

**५. प्राकृतिक स्रोतको संरक्षण, परिचालन र उत्थानशीलताको विकास गर्ने।**

भूमी, वन, जलस्रोत तथा खनीज स्रोतको कृषि, उद्योग र सेवा क्षेत्रमा योगदान हुने गरी संरक्षण र परिचालन गरिनेछ। गाउँपालिका भित्र आइपर्ने विपदको तत्काल समाधान गर्न संस्थागत रुपमा व्यवस्थापन् गर्न सकिने संरचना निर्माण गरिनेछ।

**६. सार्वजनिक सेवालाई दक्ष र प्रभावकारी बनाउने।**

गाउँपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवालाई दक्ष, पारदर्शी, प्रभावकारी, स्थानीय जनता प्रति उत्तरदायी बनाईनेछ।

**७. दिगो विकास लक्ष्यमा तोकिएको समयमा नै सन्तुलित रुपमा विकास गर्ने।**

नेपाल सरकारले आन्तरिकीकरण गरेको आधारमा दिगो विकास लक्ष्य हासील हुनेगरी सन्तुलित आबधिक योजना बनाइएको छ। यसका लागि स्थानीय साधन, स्रोत र क्षमता अनुसार आवधिक योजनालाई वार्षिक योजनामा अद्यावधिक गर्ने गरी रणनीति, कार्यक्रम बनाइनेछ। गरिबी निवारण गरी न्यायपूर्ण समाज निर्माण गर्ने।

**८. लोकतान्त्रीक मूल्य र मान्यता अनुसार विधिको शासन कायम गर्दै सुशासन कायम गर्ने।**

लोकतन्त्रमा आधारित विधिको शासन लागू गरी स्थानीय लोकतन्त्र बलीयो बनाइनेछ।

# खण्ड पाँचः रणनीतिक क्षेत्रगत योजना र कार्यनीति

**आर्थिक विकास (Economic Development)**

नेपालको संविधानले सुनिश्चित गरेको नागरिकको खाद्य सुरक्षा, मर्यादित रोजगारी र आयको अधिकार कार्यान्वयन गर्न नेपाल सरकार र प्रदेश सरकारको साथसाथै स्थानीय सरकारको महत्वपूर्ण भूमिका रहेको छ। यस तथ्यलाई मनन् गर्दै गाउँ क्षेत्रको योजनाबद्ध र सन्तुलित विकासको लागि उद्योग व्यावसाय, पर्यटन र कृषि क्षेत्रको विकास र प्रवर्द्धन मार्फत उत्पादन, रोजगारी र आय वृद्धि गर्न उपयुक्त योजना तर्जुमा एवं सोको कार्यान्वयन गर्नुपर्ने देखिन्छ। आर्थिक विकास अन्तरगत कृषि विकास, सिचाई, पशु विकास, पर्यटन तथा संस्कृति, उद्योग, व्यापार र व्यवसाय, श्रम तथा रोजगार र सहकारी तथा वित्तिय सेवा अन्तरगतका उपक्षेत्रमा आर्थिक विकासका प्रयासहरुलाई मार्गदर्शन गर्न यस सम्बन्धी दिर्घकालिन सोच, लक्ष्य, उद्देश्य पुरा गर्ने हेतु रणनिति, कार्यनीति संक्षिप्त विश्लेषण देहाय अनुसार गरिएको छ।

**उद्देश्य**

१. दिगो र व्यवसायिक कृषि विकास द्धारा कृषि क्षेत्रलाई प्रतिस्पर्धी बनाई उत्पादीत कृषि वस्तु निर्यात गर्ने।
२. पशुपन्छी तथा मत्स्य पालनमा बृद्धी सरावल गाँउपालिकाको समृद्धि
३. औद्योगिक तथा व्यापरिक क्रियाकलाप मार्फत सरावल गाउँपालिकाको अर्थतन्त्रमा योगदान पुर्‍याउनु
४. श्रम गर्न चाहने सबै नागरिकलाई रोजगारीको अवसार प्रदान गर्ने।

**रणनीति तथा कार्यनीति :**

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहाय अनुसारका रणनीति तथा कार्यनीति अबलम्बन गरी रणनीतिक कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछ।

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : दिगो र व्यवसायिक कृषि विकास द्धारा कृषि क्षेत्रलाई प्रतिस्पर्धी बनाई उत्पादीत कृषि वस्तु निर्यात गर्नु।** | |
| १. आधुनिक प्रविधिको विस्तार तथा प्रसार | १. समूह गठन तथा विस्तारमा जोड दिइनेछ।<br>२. कृषकहरुलाई विभिन्न बाली वस्तुहरुमा आधुनिक कृषि प्रविधि हस्तान्तरणको व्यववस्था गरिनेछ।<br>३. समूहगत कृषि कार्यक्रमहरलाई प्रभावकारी बनाउदै प्राथामिकता दिइने छ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २. कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न शिक्षा र प्रसार पद्धतिलाई एकिकृत गर्दै प्रभावकारी बनाउने र गुणस्तरीय उत्पादन सामाग्री तथा सेवाको उपलब्धताको सुनिश्चितता गर्ने। | १. सबै वडाहरुमा आवश्यकताका रसायनिक मल विक्रि वितरणको व्यवस्थामा कृषि सहकारीहरुलाई प्रोत्साहन गरिने छ।<br>२. बीउ विजन क्षेत्रको दीर्घकालिन सोचले परिलक्षित गरे अनुरुप कृषक तथा कृषक समुहहरुको क्षमता अभिवृद्धि बाट उन्नत जातको बीउ विकास गरी बालीहरुको बीउ प्रतिस्थापन दरमा उल्लेखित वृद्धि गर्दै पालिकालाई उन्नत बीउलाई आत्म निर्भर उन्मुख बनाइने छ।<br>३. कृषिको व्यवसायिकरणका लागी भूमिको उपलब्धताको सुनिश्चितता गरिनुका साथै करार, समूह वा सहकारी खेतीका लागी एकिकृत भूमि व्यवस्था प्रणालीमा प्रोत्साहन गरीने छ।<br>४. पालिका भित्र उत्पादन भएका खाद्यान्नहरुको उपलब्धता सुनिश्चित गर्न तथा प्रतिएकाई प्रतिफल अभिवृद्धि गर्न उत्पादनोपरान्त भण्डारण, प्रशोधन तथा मुल्य अभिवृद्धिका कार्यक्रम संचालन गरीने छ।<br>५. समग्र कृषि क्षेत्रको तथ्थांक संकलन, विश्लेशण तथा प्रकाशन अध्यावधिक गरीने छ। |
| ३. कृषिमा निजी क्षेत्रको लगानी वृद्धिको उचित वातावरण सिर्जना गर्न निति तथा संरचनागत सुधारमा सहयोग तथा सहजिकरण गर्ने। | १. पालिकाको कृषि निति बनाईने छ।<br>२. कृषि बजार संचालनमा कृषि समुह र सहकारीलाई संलग्न गर्ने विषयमा प्राथामिकता दिइने छ।<br>३. कृषि जन्य वस्तुको उत्पादन र उत्पादित बस्तुको निर्यातलाई प्रात्साहित गरीने छ।<br>४. कृषि क्षेत्रमा लगानी वृद्धि गर्न सहुलियत पूर्ण दरमा कर्जा लगानी गरीने छ।<br>५. कृषि उत्पादनको उपभोग बढाउन र उत्पादनको संरक्षण प्रदान गरीने छ। साथै मुख्य बाली र वस्तुमा न्यूनतम समर्थन मूल्य तोकी कार्यान्वयन गरीने छ।<br>६. कृषि उत्पादन प्रशोधन, भण्डारण तथा बजारीकरणमा सहयोग गरीने छ। साथै कृषि बीमालाई प्रात्साहन गरीने छ। |
| ४.कृषि पूर्वाधार तथा उद्यमशीलताको विकास तथा खाद्य स्वच्छता गुणस्तर अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने। | १. यन्त्र उपकरण एंव प्रविधिहरुलाई मुख्य आधार मानी कृषि उत्पादन एंव युवा लक्षित रोजगारीको विकास गरीने छ।<br>२. कृषकको परिभाषा गरी कृषक परिचय पत्रको व्यवस्थामा जोड दिइने छ।<br>३. प्रत्येक वडा क्षेत्रमा संभाव्यताका आधारमा विभिन्न बाली वस्तुमा पकेट क्षेत्र घोषणा गरी कार्यान्वयनमा लगिने छ।<br>४. सिंचाई तथा कृषि पूर्वाधारको विकास तथा विस्तार गरीने छ।<br>५. कृषि प्रविधिको विस्तारमा एकिकृत एंव आधुनिक सूचना प्रविधिको अधिकतम प्रयोग गरीने छ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ५.सम्भाव्यताको आधारमा उत्पादनशिल कृषकहरुको प्राविधिक, व्यवसायिक तथा संस्थागत क्षमता अभिवृद्धि गरी बजारकिरणलाई नाफामूलक बनाउने। | १. एक वडा एक कृषि प्राविधिकको व्यवस्था गरी कृषकहरुलाई आवश्यक पर्ने उत्पादन सामाग्री र सेवा उपलब्ध गराउने व्यवस्था गरीने छ।<br>२. सामुहिक तथा सहकारी खेती प्रणाली र पर्यटनीय तथा वातावरण मैत्री कृषि प्रणालीलाई प्रात्साहन गरीने छ।<br>३. मूल्य शृंखलाका उत्पादन एंव कृषि भण्डारणको लागि संघ र प्रदेशबाट लगानीको सुनिश्चिततामा पहल गरीने छ।<br>४. कृषि उत्पादन क्षेत्रको अतिरिक्त श्रम शक्ति लाई कृषि तथा गैर कृषि जन्य उद्योगमा परिचालन गरी रोजगारीको सृजना गरीने छ।<br>५. बाझो जग्गालाई निरुत्साहित गरी उत्पादकत्व वृद्धिका लागी सदुपयोगको सिद्धान्त अनुसार बहुउपयोगी एंव कृषि वन प्रणालीको प्रवद्धर्न गरीने छ।<br>६. समुचित सदुपयोगको सिद्धान्त बमोजिम वडा कार्यालयको समन्वयमा नदी किनारा र राजमार्ग किनाराका क्षेत्रहरुमा फलफूल तथा अन्य उपयुक्त बालीको खेती प्रवर्द्धन गरिनेछ।<br>७. कृषि जन्य उपजहरुको व्यपार प्रवद्धर्न एंव विषादी जन्य पदार्थको प्रयोगको नियमन तथा अनुगमनको व्यवस्था मिलाईने छ। |
| ६.जलवायु परिवर्तन र प्रकोप बाट पर्ने नकारात्मक असर<br>न्यूनीकरण गर्दै जलवायु अनुकूलन तथा उत्थानशील प्राङ्गारिक लगायतका कृषि प्राविधिको विकास र विस्तार गर्ने। | १. प्राङ्गारिक खेतीका सम्बावित वस्तु र क्षेत्रहरुको पहिचान एंव उत्पादन वृद्धि गरी प्राङ्गारिक खेतीमा जोड गरिने छ।<br>२. लोपोन्मुख बीउ विजन र कृषि जैविक विविधतामा समुदायको अग्रसरतालाई प्रात्साहन गरीने छ।<br>३. प्राङ्गारिक खेती प्रवद्धर्नका लागी प्राङ्गारिक मलको प्रयोगलाई विस्तार गर्न जोड दिईने छ। |
| **उद्देश्य २ : पशुपन्छी तथा मत्स्य पालनमा बृद्धी सरावल गाँउपालिकाको समृद्धि** | |
| संघ र प्रदेश संग समन्वय | बिभिन्न तालिम गोष्ठी संञ्चालन गरी क्षमता अबिवृदी गर्ने |
| सहुलियत ऋण प्रवाह | सम्बन्धीत शाखा गा.पा र बित्तिय संग सस्थासंग समन्वयमा ऋण प्रवाह |
| कृषक सहभागिता | विमा कम्पनीहरु संग समन्वय गरी पशुविमा कार्य लाई तिब्रता |
| पशुपन्छी तथा मत्स्य पालनमा विमा कार्यलाई तिर्वता | अल्पकालिन तथा मध्यकालिन अवधिका आवश्यकताका आधारीत आयआर्जन तथा जीवको पार्जन कार्यक्रम सञ्चालन गर्ने |

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य ३ : औद्योगिक तथा व्यापरिक क्रियाकलाप मार्फत सरावल गाउँपालिकाको अर्थतन्त्रमा योगदान पुर्‍याउनु** | |
| औद्योगिक क्षेत्रको विकासको लागी नीतिगत कानूनी र संस्थागत सुधार गर्ने | १.औद्योगिक क्षेत्रको सुधारको लागी नीतिगत तथा संस्थागत सुधार गरिने छ। |
| | २.उद्योग तथा लगानि सम्बन्ध नीतिलाई समसामियक बनाउँदै आश्यकता अनसार कानुन तजूमा गरी गरी कार्यान्वयन गर्ने |
| | ३.उद्योग व्यवसाय स्थापना र संञ्चालनको लागि प्रणालिगत सूधार गर्ने |
| | ४.गरिब निवारणका लागि लघु उद्यमको संचालन तथा व्यवस्थापन गरिने छ। |
| लगानी मैत्री वातावरण तयार गर्न प्रविधिको प्रयोग तथा औद्योगिक तथा वाणिज्य सम्बन्धी पूर्वाधार विकास गर्ने | १. औद्योगिक क्षेत्रमा आवश्यक भौतिक पुवाधार निर्माण गर्न निजि क्षेत्र सँग साझेदारी गर्ने |
| | २. स्थानिय कच्चा पदार्थमा आधारित उद्योगको विकाश र पूवाधार निर्माणमा सहयोग र सहजिकरण गर्ने |
| | ३. बैदेशिक रोजगारीमा गएका सरावल वासि र गैरआवसिय ओमसतिय वासी नेपालको ज्ञान,सीप ,पूजी र प्रविधिको प्रयोग गरी औद्योगिक तथा व्यापारिक क्षेत्रको विकाश गर्ने |
| | ४. औद्योगिक क्षेत्र र औद्योगिक ग्रामको स्थापना र विकाशको लागी विशेष पहल गररनेछ। |
| उद्योग तथा बाणिज्य क्षेत्रलाई अन्य उत्पादन मुलक क्षेत्रको अन्तरसबन्धको आधारमा विकाश र विस्तार गर्ने | १.उद्योगलाई कृषि,पर्यटन शिक्षा, स्वास्थ्य तथा अन्य उद्यमशिल क्षेत्र सँग आवद्द गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने। |
| | २. वातावरण मैत्रि कृषिमा आधारित उद्योग तथा बाणिज्य क्षेत्रको स्थापनामा जोड दिइने छ। |
| **उद्देश्य ४ : श्रम गर्न चाहने सबै नागरिकलाई रोजगारीको अवसार प्रदान गर्ने।** | |
| स्थानीयश्रमीकलाई रोजगार दिन सक्ने उद्योगलाई विशेष प्राथमिकता दिने। | स्थानीय श्रमीकको श्रम र सीपमा आधारीत रोजगारी दिन सक्ने उद्योगलाई नियमानुसार अनुदान प्रदान गरिनेछ। |
| उत्पादकलाई प्रोत्साहीत गर्न बजारको विकास र विस्तार गर्ने। | उत्पादीत वस्तुको विक्रीको सुनिश्चितता गर्न तराई मधेस सम्म बजारको विकास र विस्तार गर्ने अधिकतम पहल गरिनेछ। |

**सामाजिक विकास (Social Development)**

नेपालको संविधानले गुणस्तरीय शिक्षा तथा स्वास्थ्यमा सबैको सहज पहुँच, सामाजिक न्याय र सामाजिक सुरक्षाको यथोचित व्यवस्थापन, स्वस्थ तथा सभ्य संस्कृतिको विकास र साँस्कृतिक विविधता कायम राख्दै सम्पदाको संरक्षणलाई राज्यको निर्देशक सिद्धान्त तथा नीतिमा समावेश गरेको छ।

सामाजिक क्षेत्र मुलतः मानिसको कार्यक्षमताको स्थिति संग सम्बन्धित विषय हो। यस क्षेत्रको विकास र विस्तार गर्न सामाजिक विकासको पूर्वाधार हुन आबस्यक हुन्छ। मानिसको ज्ञान तथा चेतना, सवलता तथा क्षमता अभिवृद्धि गरी कार्यक्षमता बढाउन चाहिने शिक्षा, स्वास्थ्य, विकासमा समावेसीकरण, खेलकूद आदिको सुबिधा वा सो मा सर्वसाधारणको पहुंच पुग्ने भौतिक वस्तु स्कूल, स्वास्थ्य सेवा उपलब्ध गराउने भवन, खेल मैदान वा सामाग्रीको निर्माण गर्न आबस्यक हुन्छ। ती भौतिक वस्तुको निर्माणले मानिसलाई उक्त सेवाहरु लिनका लागि अवसर प्रदान गर्दछ। मानिसलाई उपलबध गराइने शिक्षा तथा स्वस्थताका साथै स्फूर्तिबाट उत्पादनशील क्षमतामा अभिवृद्धि हुन गै उत्पादकत्व वृद्धि हुने हुनाले मानिसलाई संमृद्धशाली बनाउन सघाउ पुर्‍याउँदछ सामाजिक विकासका प्रयासहरुलाई मार्गदर्शन गर्न यस सम्बन्धी दिर्घकालिन सोच, लक्ष्य, उद्देश्य पुरा गर्ने हेतु रणनिति, कार्यनीति संक्षिप्त विश्लेषण देहाय अनुसार गरिएको छ।

**उद्देश्य**

१. सक्षम र सवल प्राविधिक जनशक्ति उत्पादन गर्न शैक्षिक गुणस्तरमा सुधार गर्नु।

२. गाउँबासीको स्वस्थ्य र पोषणमा सुधार गरी गाउँविकासमा मूल प्रवाहीकरण, समावेशीकरण, सशक्तिकरण गर्ने।

३. स्वच्छ खानेपानी समेतको सफाईयुक्त गाउँ निर्माण गर्ने

४. युवा वर्गलाई स्थानीय तहमै बसी उद्यमशील कार्यमा संलग्न हुन आकर्षित गर्ने।

५. बालबालिका तथा किशोरहिरुलाइ सबै प्रकारको हिंसा, दुर्व्यबहार र शोषण मुक्त आत्मनिर्भर, उद्यमी, महिला हिंसा रहित समाज निर्माण गर्ने

६. वल वालिकाको शिक्षा र स्वास्थ्य सम्बन्धि अधिकार सुनिश्चित गर्ने।

७. मूल प्रवाहीकरण, समावेशीकरण, सशक्तिकरण गर्ने

## रणनीति तथा कार्यनीति

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल देहाय अनुसारका रणनीति तथा कार्यनीति अबलम्बन गरी सामाजिक विकास सम्बन्धी रणनीतिक कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछ।

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: सक्षम र सवल प्राविधिक जनशक्ति उत्पादन गर्न शैक्षिक गुणस्तरमा सुधार गर्नु।** | |
| - प्राविधिक शिक्षा संचालन शिक्षक पदपुर्ति गर्ने। | - कम्तीमा पनि तिन वटा मा.वि.मा उपयुक्त किसिमको प्राविधिक शिक्षा संचालन गरिनेछ। |
| - सक्षम शिक्षकको आपुर्ति गर्ने। | - तहगत र विषयगत शिक्षक व्यवस्थापन गरिनेछ। |
| - सवैको पहुँचमा शिक्षा पुऱ्याउने। | - ECD कक्षा मा जोड दिइनेछ। |
| - नविनतम सिकाइ प्रविधिमा जोड दिने। | - EGRP कार्यक्रम विषेश जोड दिइनेछ। |
| - वालमैत्री अपाङ्गमैत्री, जन मैत्री र छात्रामैत्री विद्यालयको वातावरण सृजनामा जोड दिने। | - शिक्षक तालिम/तथा प्रविधि युक्त कक्षाकोठाको व्यवस्था गरिनेछ।<br>- पेशाप्रति जवाफदेही बनाइनेछ।<br>-आर्थिक सहयोग/ छात्रबृत्ति जस्ता कार्यक्रम संचालन गरिनेछ।<br>- नविनतम प्रविधि बाट सिकाई मा जोड दिइनेछ।<br>मनोदप्रिय वातावरणमा जोड दिइनेछ। |
| **उद्देश्य २: गाउँबासीको स्वस्थ्य र पोषणमा सुधार गरी गाउँविकासमा मूल प्रवाहीकरण, समावेशीकरण, सशक्तिकरण गर्ने।** | |
| गापा भित्रका सबै वडामा स्वास्थ्य संस्थाहरुको विकास र विस्तार गर्ने। | सबै वडामा भवन तथा अन्य भौतिक विकास गरिनेछ।<br>सबै स्वास्थ्य संस्थामा स्वास्थ्य कर्मचारी व्यवस्था गरिनेछ। |
| आधारभूत स्वास्थ्य सेवा असहाय गरीब जनतालाई उपलब्ध गराउने। | असहाय गरीब जनतालाई औषधी तथा अन्य स्वास्थ्य सेवा निशुल्क रुपमा उपलब्ध गराइनेछ। |
| गाउँबासीलाई पोषणयुक्त खानाको बारे सुसुचित गर्ने। | गाउँबासीलाई स्थानीय तहमा उपलब्ध पोषणयुक्त खानाको बारे सुसुचित गरिनेछ। |
| **उद्देश्य ३: स्वच्छ खानेपानी समेतको सफाईयुक्त गाउँ निर्माण गर्ने** | |
| परंपरागत पानीको स्रोतलाई व्यवस्थीत गर्ने। | परंपरागत रुपमा उपयोग गरिदै आएको पानीको स्रोतलाई एकिकृत गरी व्यवस्थित रुपमा वितरण गरिनेछ। |
| नयाँ पानीको स्रोतको पहिचान गरी आधुनिक प्रविधिबाट स्वच्छ खानेपानी उपलब्ध गराउने। | आधुनिक प्रविधिबाट संकलन गरी गाउँबासीलाई उपलब्ध गराइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ल्याण्डफिल साइटको पहिचान गरी फोहोरमैला व्यवस्थापन गर्ने । | मानव वस्तीलाई असर नगर्ने ल्याण्डफिल साइटको पहिचान गरी वैज्ञानीक विधिबाट फोहोरमैला व्यवस्थापन गरिनेछ। |
| **उद्देश्य ४: युवा वर्गलाई स्थानीय तहमै बसी उद्यमशील कार्यमा संलग्न हुन आकर्षित गर्ने।** | |
| उद्योग तथा व्यवसायको क्षेत्र पहिचान गरी युवाहरुलाई लगानीको लागि उत्प्रेरी गर्ने। | स्थानीय तहमा सञ्चालन हुन सक्ने उद्योग तथा व्यवसायको क्षेत्रमा लाग्ने युवाहरुलाई सरल प्रकृया अवलम्वन गरी लगानीको लागि आकर्षित गरिनेछ। |
| युवाहरुले सञ्चालन गर्ने उद्योगका लागि बैंक तथा वित्तिय संस्था मार्फत ऋण उपलब्ध गराउने। | युवाहरुले सञ्चालन गर्ने उद्योगका लागि बैंक तथा वित्तिय संस्था संग आवश्यक सहजीकरण गरिनेछ। |
| **उद्देश्य ५: बालबालिका तथा किशोरहिरुलाइ सबै प्रकारको हिंसा, दुर्व्यबहार र शोषण मुक्त आत्मनिर्भर, उद्यमी, महिला हिंसा रहित समाज निर्माण गर्ने** | |
| - लैङ्गिक हिंसा बिरुद्ध का कार्यक्रम तर्जुमा गर्ने<br>- लैङ्गिक समानता तथा शसक्तिकरणका कार्यक्रममा बढावा दिने आर्थिक रुपले बिपन्न र सामाजिक रुपले पछाडि परेका महिलाहरुलाई बिशेष प्राथमिकता दिदै आर्थिक शसक्तिकरण र सामाजिक रुपान्तरण गर्ने।<br>- बाल स्वास्थ्यमा सुधार बालबालिकाको मानसिक तथा शारीरिक बिकासका लागि प्रारम्भिक बालबिकासमा पहुच बृद्धि गर्ने बालबालिका तथा किशोरकिशोरी बिरुद्ध हुने<br>- सबै प्रकारका हिंसाको अन्त्य गरी उनिहरुको जिवनलाइ सुनिश्चित गराउने। | - लैङ्गिक समानता प्राप्तिको लागि पुरुषको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ।<br>- उद्यमशिलताको माध्यमबाट पिछडिएका तथा बिपन्न महिलाको आर्थिक शसक्तिकरण गर्नको लागि जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गरिनेछ।<br>- आर्थिक रुपले बिपन्न र सामाजिक रुपले पछाडि परेका महिलाहरुलाइ बिशेष प्राथमिकतामा राखी कार्ययोजना सहित पहल गरिनेछ।<br>- लैङ्गिक बिभेद हटाउन सचेतनामुलक र क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।<br>- बालबालिका माथि हुने शारीरिक मानसिक सजाय बिरुद्धका कार्यक्रमहरु सञ्चालन गरि विद्यालयलाई बालमैत्री तथा शान्ती क्षेत्र घोषणा गरिनेछ।<br>- अपाङ्गता भएका ब्यक्तिहरलाइ बिशेष प्राथमिकतामा राखी कार्यक्रमहरु सञ्चालन गरिनेछ।<br>- ज्येष्ठ नागरिकहरुलाई आश्रय स्थल तथा दिवा सेवा सञ्चालन गरिनेछ। |
| **उद्देश्य ६: बाल वालिकाको शिक्षा र स्वास्थ्य सम्बन्धि अधिकार सुनिश्चित गर्ने।** | |
| शिशु स्याहार केन्द्र स्थापना गर्ने। | गाउँपालिकाको अगुवाइमा सबै वडामा क्रमश शिशु स्याहार केन्द्र स्थापना गरिनेछ। |
| बाल स्वास्थ्य घुम्ती केन्द्र स्थापना गर्ने। | पालिकामा वाल स्वास्थ्य घुम्ती केन्द्र स्थापना गरी नियमित रुपमा वालवालिकाको स्वास्थ्य परिक्षण गराइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य ७: मूल प्रवाहीकरण, समावेशीकरण, सशक्तिकरण गर्ने** | |
| प्रत्येक वडामा खेल मैदान निर्माण गर्ने | स्थानीय युवाहरुको सहभागीतामा प्रत्येक वडामा खेल मैदान निर्माढा गरिनेछ। |
| उत्कृष्ट खेलाडीलाई पुरस्कृत गर्ने। | गाउँपालिकाबाट अन्य तहको खेलकुदमा पुरस्कृत युवालाई एकमुष्ट रकम दिई पुरस्कृत गरिनेछ। |
| खेल प्रशिक्षक उत्पादन तथा आपूर्ति गर्ने। | खेल प्रशिक्षक उत्पादन गरी माध्यामिक तथा उच्च माध्यामिक विद्यालयमा खेल प्रशिक्षक तालिका अनुसार उपलब्ध गराइनेछ। |

**भौतिक विकास (Infracture Development)**

कुनै स्थान/क्षेत्रको समष्टिगत आर्थिक, सामाजिक र भौतिक सेवा तथा सुविधा प्रवाहगर्ने भौतिक पूर्वाधार विकास क्षेत्रको भूमिका प्राथमिक तथा महत्त्वपूर्ण हुन्छ। भौतिक पूर्वाधारको विकासले अन्तर आवद्धता र अन्तर सम्बन्ध विकास तथा विस्तार हुने र सो मार्फत बजार सूचना, सेवा सुविधाको स्तर, पहुँच र उपभोग जस्ता विकासको नतिजा हासिल गर्न प्रत्यक्ष योगदान पुग्दछ । तर पूर्वाधार विकास र विस्तारबाट दिगो लाभ लिन पूर्वाधारको दिगो निर्माण र संचालनका साथसाथै यसबाट वातावरणमा पर्ने नकारात्मक असरलाई न्यूनीकरण गर्न संरक्षणका उपायहरुको अवलम्बन जरुरत पर्दछ। गाउँपालिकाको विकास प्रयासलाई योजनाबद्ध र व्यवस्थित रुपमा संचालन गरी सामाजिक, आर्थिक र वातावरणीय स्थितिमा दिगो सुधार गर्न भौतिक पूर्वाधार विकासले विकास प्रतिफलको प्रवेशद्वारको रुपमा कार्य गर्दछ।

यस तथ्यलाई मनन् गर्दै गाउँ क्षेत्रको योजनाबद्ध र सन्तुलित विकासको लागि आवास, भवन, वस्ती तथा शहरी विकास, सडक, पुल तथा यातायात, विद्युत तथा वैकल्पिक उर्जा र सूचना, संचार र प्रविधि भौतिक पूर्वाधार विकासका प्रयासहरुलाई मार्गदर्शन गर्न यस सम्बन्धी दिर्घकालिन सोच, लक्ष्य, उद्देश्य पूरा गर्ने हेतु रणनिति, कार्यनीति संक्षिप्त विश्लेषण देहाय अनुसार गरिएको छ।

**उद्देश्य**

१. आर्थिक तथा सामाजिक विकासमा सघाउ पुग्ने सबै स्थानमा दिगो सडक बाटो निर्माण गर्नु।

२. नियमीत तथा सर्वसुलभ रुपमा यातायात सेवा सञ्चालन गर्नु

३. विद्युत र स्वच्छ उर्जाको उपलब्धता, गुणस्तर र उपभोगमा बृद्धि गर्नु र

४. विद्युतीय सुशासन, सूचना तथा सेवाको उपभोगमा अभिबृद्धि गर्नु।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : आर्थिक तथा सामाजिक विकासमा सघाउ पुग्ने सबै स्थानमा दिगो सडक बाटो निर्माण गर्नु ।** | |
| कृषि तथा गैर कृषि उद्योग व्यवसाय सञ्चालन भएको स्थानमा सडक निर्माण गर्ने । | लागत लाभको आधारमा फाइदा देखिने स्थानमा आर्थिक कृयाकलापलाई बढावा दिन सडक निर्माण गरिनेछ। |
| मानव वस्ती भएको स्थानमा व्यवस्थित रुपमा सडक सञ्जाल जोड्ने । | शिक्षा, स्वास्थ्य लगायतका सेवालाई प्रभावकारी हुने स्थानलाई सडक सञ्जालले जोडिनेछ । |
| निश्चित मापदण्डका आधारमा सडक निर्माण गर्ने । | सडक मापदण्ड पूरा भएको ठाउँमा मात्र सडक निर्माण गरिनेछ । |
| **उद्देश्य २ : नियमीत तथा सर्वसुलभ रुपमा यातायात सेवा सञ्चालन गर्नु** | |
| सबै वडाहरु र सहरबीच यातायात अन्तरयातायात सञ्जाल विकास गर्ने । | सम्भावनाको आधारमा यातायात सेवा विकास गरिनेछ । |
| **उद्देश्य ३ : विद्युत र स्वच्छ उर्जाको उपलब्धता, गुणस्तर र उपभोगमा बृद्धि गर्नु,** | |
| १. विद्युत लाइन तथा क्षमता वृद्धि गर्ने | १.१ विद्युत प्राधिकरणसँग समन्वय र लागत साझेदारीमा विद्युत लाईनको क्षमता विस्तार, जिर्ण पोल र तार मर्मत गरिनेछ।<br>१.३ खुलातार प्रणालीलाई केबल प्रणालीमा रुपान्तरणको लागि सम्बन्धित निकायसँग पैरवी र साझेदारी गरिनेछ।<br>१.४ वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालयहरुमा पावर व्याकअप, इन्टरनेट र इन्ट्रानेटको व्यवस्था गरिनेछ।<br>१.५ ओभरग्राउण विद्युत लाईनलाई अण्डरग्राउण्ड प्रणालीमा रुपान्तरण गर्न विद्युत प्राधिकरण र नेपाल सरकारसँग पैरवी गरिनेछ। |
| २. नवीकरणीय ऊर्जा प्रविधिको विस्तार र प्रवर्धन गरी स्वच्छ उर्जाको पहुँच र उपयोग बृद्धि गर्ने | २.१ वैकल्पिक उर्जा सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड र योजना तर्जुमा गरी कार्यान्वयन र नियमनको व्यवस्था गरी स्वच्छ उर्जामा पहुँच बृद्धि गरिनेछ।<br>२.२ दाउरा र जैविक उर्जाको प्रयोगलाई कम गर्दै लैजान वायोग्यास, सुधारिएको चुलो, बायो ब्रिकेट, विद्युत, सोलार र एलपिग्यास उपयोगको प्रवर्द्धन एवं विस्तार गरिनेछ।<br>२.३ गरिब तथा विपन्न वर्गसम्म नवीकरणीय ऊर्जा प्रविधिको सुलभ र सरल पहुँच पुर्‍याउन प्रवर्द्धनात्मक र प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य ४: विद्युतीय सुशासन, सूचना तथा सेवाको उपभोगमा अभिबृद्धि गर्नु,** | |
| १. इन्टरनेट सेवाको पहुँच अभिबृद्धि गर्ने | १.१ गाउँ कार्यपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयमा उपलब्ध इन्टरनेटको क्षमता वृद्धी गरी सेवाको विस्तार तथा गुणस्तरमा सुधार गरिनेछ।<br>१.२ सवै विद्यालय, स्वास्थ्य संस्था र प्रमुख टोलहरुमा इन्टरनेट सेवा नियमित तथा सुचारु गरिनेछ।<br>१.३ कार्यपालिका कार्यालय, वडा कार्यालय, विद्यालय र स्वास्थ्य संस्था मुख्य बजारमा सिसिटिभी क्यामेरा जडान गरिनेछ। |
| २. टेलिफोन सेवा प्रभावकारी बनाउने | २.१ ल्याण्डलाइन टेलिफोन र अप्टिकल फाइबर प्रविधिको इन्टरनेट विस्तार सञ्चालन र विस्तार गर्न नेपाल टेलीकम र अन्य सेवा प्रदायक संस्थासँग छलफल, समन्वय र पैरवी गरिनेछ।<br>२.२ टेलिफोन टावरको संख्या र क्षमता बृद्धि गर्न टेलिकम सेवा प्रदायकसँग समन्वय र पैरवी गरिनेछ।<br>२.३ विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा इन्टरनेट सुविधा जडान गर्ने र सूचना प्रविधिमा आधारित भई पठनपाठन र स्वास्थ्य सेवा प्रवाहको व्यवस्था गरिनेछ। |
| ३. सूचना तथा सेवा प्रवाहलाई सूचना प्रविधि बनाउने | ३.१ राजस्व, प्रशासन, योजना, खरिद व्यवस्थापन तथा स्थानीय तथ्याङ्क सम्बन्धी सूचना व्यवस्थापन प्रणाली तयार गरी सूचना प्रविधिमा आधारित भई सेवा प्रवाह र शासन संचालनको व्यवस्था गरिनेछ।<br>३.२ एफएम रेडियो, पत्रपत्रिका र वेवसाइटलाई सम्पादित योजना, कार्यक्रम र गतिविधि प्रकाशन र प्रसारणको लागि सूचना र संचारको प्रमुख माध्यमको रुपमा विकास गरिनेछ।<br>३.३ गाउँपालिकाको मुखपत्रको रुपमा सरावल विकास बुलेटिन चौमासिक प्रकाशनको व्यवस्था गरिनेछ।<br>३.४ पदाधिकारी तथा सेवाग्राही रेडियो, टिभी र सामाजिक संजाल माध्यमबाट संवाद कार्यक्रम नियमित रुपमा संचालन गरिनेछ।<br>३.५ स्थानीय नीति, कानून, नियम र कार्यविधि, निर्णय, विकास कार्य संचालन, उपलब्धी, सफल अभ्यास बारे पत्रकार संवाद, पत्रपत्रिका, रेडियो र टिभिमा नियमित प्रकाशन र प्रसारणको व्यवस्था गरिनेछ। |

**वन, वातावरण तथा विपद व्यवस्थापन विकास (Forest, Environmental DR Management Development)**

नेपालको संविधानको भाग ३ धारा ३० ले नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हक प्रदान गरेको छ। प्राकृतिक स्रोतको संरक्षण, संवर्द्धन र उपयोग सम्बन्धी नीति अन्तर्गत जन साधरणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक तथा भौतिक विकासबाट वातावरणमा पर्ने सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पती तथा जैविक विविधताको संरक्षण, सम्बर्धन र दीगो उपयोग गर्ने व्यवस्था गरेको छ। यसैगरी संविधानले वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा वन क्षेत्र कायम गर्ने र प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापनाको व्यवस्था सुनिश्चित गरेको छ।

यस तथ्यलाई मनन् गर्दै गाउँ क्षेत्रको योजनाबद्ध र सन्तुलित विकासको लागि वन तथा जैविक विविधता, भू संरक्षण तथा जलाधार व्यवस्थापन, वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन र विपद् व्यवस्थापन जस्ता वन, वातावरण तथा विपद व्यवस्थापन विकासका प्रयासहरुलाई मार्गदर्शन गर्न यस सम्बन्धी दिर्घकालिन सोच, लक्ष्य, उद्देश्य पूरा गर्ने हेतु रणनिति, कार्यनीति संक्षिप्त विश्लेषण देहाय अनुसार गरिएको छ।

**उद्देश्य**

१. वन, हरियाली र जैविक विविधताको संरक्षण र सततः उपयोगमा बृद्धि गर्नु,

२. जल, जमीन र जलाधारका अन्य श्रोतको संरक्षण तथा उपयोगमा बृद्धि गर्नु,

३. पर्यावरणीय स्वच्छता, सुन्दरता र वातावरणीय सरसफाईमा अभिबृद्धि गर्नु र

४. गाउँपालिका क्षेत्रभित्रका सबै पक्षलाई तत्काल आइपर्ने जोखिमको तुरुन्त सम्बोधन गर्ने।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: वन, हरियाली र जैविक विविधताको संरक्षण र सतत उपयोगमा वृद्धि गर्नु** | |
| १. वन संरक्षण र व्यवस्थापन सम्बन्धी राष्ट्रिय तथा प्रदेश नीति कार्यान्वयन गर्न सहयोग गर्ने | १. वन तथा जैविक विविधता सम्बन्धी राष्ट्रिय तथा प्रदेश नीति बारे स्थानीय स्तरमा सचेतना अभिबृद्धि गरी कार्यान्वयनमा सहजीकरण गरिनेछ।<br>२. नीति कार्यान्वयनका लागि संघ तथा प्रदेश सरकारका सम्बन्धित निकाय र संयन्त्र र समुदायसँग समन्वय र सहकार्य गरिनेछ।<br>३. नीतिगत तथा कानूनी व्यवस्था अनुसार वातावरणीय अध्ययन सम्बन्धी व्यवस्थाको नियमपालन र अध्ययनको सिफारिसलाई कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २. वैज्ञानिक वन व्यवस्थापन प्रणाली अनुसार वन पैदावरको सतत उत्पादन बृद्धि गरी वन पैदावरको आपुर्ती सहज बनाउने र आम्दानीमा बृद्धि गर्ने | १. ८० हेक्टर भन्दा बढी क्षेत्रफल भएका समुदायद्धारा व्यवस्थित वन क्षेत्रमा नमूनाको रुपमा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम संचालन गरिनेछ।<br>२. वैज्ञानिक तथा अन्य वन व्यवस्थापन प्रणालीद्धारा वन व्यवस्थापन गरी स्थानीय स्तरमा काठ, दाउरा, घाँस र सोतरको आवश्यकता परिपूर्ती तथा वनको संरक्षणमा अभिबृद्धि गरिनेछ।<br>३. कार्बन व्यापारबाट वन संरक्षण तथा व्यवस्थापन गर्ने स्थानीय समुदायलाई पूँजीगत लाभ उपलब्ध गराउन प्रदेश तथा नेपाल सरकारसँग समन्वय र पैरवी गरिनेछ। |
| ३. वनमा आधारित उद्यम सिर्जना र आयमूलक कार्यक्रम संचालन गरी रोजगारी र आम्दानीको श्रोत बृद्धि गर्ने | १. सामुदायिक, मद्यवर्ती वन तथा नीजि जग्गामा, वेत, बाँस, अम्रिसो, कुरिलो, मेन्था, बोझो तथा जडीबुटीजन्य प्रजातीको व्यवसायिक खेती प्रवर्द्धन गरिनेछ।<br>२. वन तथा जडिबुटीमा आधारित आयमूलक कार्यक्रम संचालन गर्न महिला, युवा तथा लक्षित वर्गलाई प्रोत्साहन अनुदान मार्फत् आकर्षित गरिनेछ तथा राम्रो प्रतिफल प्रदर्शन गर्नेलाई पुरस्कृत गर्ने व्यवस्था गरिनेछ।<br>३. सार्वजनिक खाली, नाङगो पाखा तथा बाँझो जग्गामा काष्ठ तथा गैर काष्ठ प्रजातीका आयमूलक बोटविरुवाको रोपण विस्तार गरिनेछ।<br>४. डिभिजन तथा सवडिभिजन कार्यालयको प्राविधिक तथा अन्य सहयोगमा गाउँ क्षेत्रमा वहुउद्देशिय वन नर्सरी स्थापना गरी विरुवा उत्पादन र वितरण सहज बनाइनेछ। |
| **उद्देश्य २ः जल, जमीन र जलाधारका अन्य श्रोतको संरक्षण तथा उपयोगमा बृद्धि गर्नु** | |
| १. लघु जलाधार व्यवस्थापन योजनाको अवधारणा अनुसार भिरालोपनाको स्थायीकरण, भूक्षय तथा गल्छी नियन्त्रण तथा विकासका पूर्वाधारहरुको संरक्षण गर्ने | १. खेतबारी र वस्ती संरक्षण तथा पहिरो नियन्त्रणका लागि स्थानीय समुदायसँग सहकार्य गरी जैविक तथा इञ्जिनियरिङ्ग संरचना निर्माण र मर्मत संभार गरिनेछ।<br>२. खोलाखोल्सीको किनार लगायत जोखिम क्षेत्रमा बाँस, निगालो खेती तथा बायोइञ्जिनियरिङ विधि प्रवर्द्धन गरी नदी कटान न्यूनीकरणमा दीगोपना कायम गरिनेछ।<br>३. स्थानीय स्तरमा विरुवा उत्पादान तथा वृक्षारोपण विस्तार गरी खाली र खेर गएको जमीनमा हरियाली वृद्धि तथा क्षतीग्रस्त भूमिको पुनरुत्थान गरिनेछ। |
| २. सार्वजनिक पूर्वाधार निर्माण, भूमि व्यवस्थापन, खेती प्रणाली र वन व्यवस्थापनसँग एकीकृत गरी भू-संरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी कार्य संचालन गर्ने | १. राष्ट्रिय भू उपयोग नीति अनुसार भूउपयोगको क्षेत्र निर्धारण गरी भूमि व्यवस्थापन, वस्ती विकास, भौतिक संरचना तथा पूर्वाधार निर्माणलाई व्यवस्थित र नियमित गरिनेछ।<br>२. भूउपयोग क्षेत्रहरुको बीचमा ग्रीनवेल्टको विकास गरी गाउँ क्षेत्रमा हरियाली र सुन्दरताको विकास र विस्तार गरिनेछ।<br>३. भूसंरक्षण तथा लघु जलाधार व्यवस्थापनलाई विकासको साझा विषयको रुपमा एकीकृत गरी संचालन गरिनेछ।<br>४. भू तथा जलाधार व्यवस्थापनमा जल, जमीन र जंगलको संरक्षण र उत्पादन बृद्धिमा विशेष जोड दिइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य ३ः पर्यावरणीय स्वच्छता, सुन्दरता र वातावरणीय सरसफाईमा अभिबृद्धि गर्नु** | |
| १. वातावरण अनुकुलित विकास, स्वच्छ उर्जा तथा प्रविधि र हरियाली अभिबृद्धी गर्ने | १. गाउँ क्षेत्र भित्र प्लाष्टिकका गिलास, प्लेट, वोटल जस्ता वस्तुको उपयोगमा प्रतिबन्ध गरी दुना टपरीजस्ता स्थानीय वस्तुहरूको प्रवर्द्धनमा जोड दिइनेछ।<br>२. कुहिने र नकुहिने फोहोरमैला छुट्याई कुहिने फोहोरबाट कम्पोष्ट मल र नहुहिने फोहोरको पुनःप्रयोग, प्रशोधन र खाडलमा व्यवस्थापन गरिनेछ।<br>३. सार्वजनिक स्थान र सडकको दायाबायाँवरपिपल, समी, तुलसी, चाँपर लाकुरी, आप, लिचि, अशोक, निम जस्ता विरुवा रोपणलाई अभियानका रुपमा संचालन गरी वातावरणीय स्वस्छता कायम गरिनेछ।<br>४. विद्युत, वायोग्यास, सोलार, सुधारिएको चुल्लो जस्ता स्वच्छ उर्जाको प्रयोग, प्रदुषण कम गर्ने निर्माण प्रविधि र सामाग्रीको प्रयोग, जलवायु परिवर्तन र विपद् उत्थानशिल प्रयासहरुलाई स्थानीय विकास प्रक्रियामा एकीकृत गरिनेछ। |
| २. सचेतना र व्यक्तिगत व्यवहार परिवर्तनको माध्यमबाट वातावरणीय स्वच्छता अभिबृद्धि गर्ने | १. खानेपानी आयोजनासँग एकीकृत गरी सामुदायिक सरसफाई कार्यक्रमलाई अभियानका रुपमा संचालन गरिनेछ।<br>२. जनचेतना अभिवृद्धि गरी प्लाष्टिक र प्लाष्टिकजन्य पदार्थ जथाभावी फाल्ने प्रवृत्ति नियन्त्रण गरिनेछ।<br>३. टोलस्तरीय सचेतनामूलक र प्रतिस्पर्धामूलक कार्यक्रम सञ्चालन गरी समुदाय र घरआँगन सरसफाईको अभियान सञ्चालन गरिनेछ।<br>४. टोलस्तरीय समिति तथा संस्थाहरूलाई परिचालन गरी समुदाय र टोल सरसफाईका काम नियमित रुपमा सञ्चालन गरिनेछ। |
| ३. विकास निर्माण तथा उद्यम विकास र श्रोत परिचालन सम्बन्धी कार्यमा कानून अनुसार वातावरणीय अध्ययन सम्बन्धी व्यवस्थाको नियमपालनामा अभिबृद्धि गर्ने | १. विकास निर्माण, उद्यम व्यवसाय, श्रोतको उपयोग सम्बन्धी कार्यमा प्रचलित नीति तथा नियम अनुसार वातावरणीय अध्ययन सम्बन्धी व्यवस्था पालना तथा अध्ययनबाट सिफारिश संरक्षणका कार्यहरुको अनिवार्य कार्यान्वयनको व्यवस्था गरिनेछ।<br>वातावरण व्यवस्थापन सम्बन्धी नीति तथा कानून बारे निर्वाचित जनप्रतिनिधि, कर्मचारी, निर्माण व्यवसायी, उपभोक्ता समिति, उद्यमी र व्यवसायी तथा स्थानीय समुदाय अभिमुखीकरण तथा सचेतना अभिबृद्धि गरिनेछ।<br>३. प्रदूषण (माटो, वायु, जल आदी) तथा यसको रोकथाम र व्यवस्थापनका उपायबारे स्थानीय स्तरमा सचेतना कार्यक्रम संचालन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य ४: गाउँपालिका क्षेत्रभित्रका सबै पक्षलाई तत्काल आइपर्ने जोखिमकोतुरुन्त संबोधन गर्ने।** | |
| १. दमकल, सार्वजनीक भवनलाई जोखिमको समयमा प्रयोग गर्न सक्ने गरी व्यवस्था गर्ने । आगालागि नियन्त्रण गर्न जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने। | गाउँपालिका भित्र दमकलको व्यवस्था गरिनेछ।<br>आगालागि हुन नदिन आबस्यक सचेतामुलक कार्यक्रम सञ्चालन गरिनेछ। |
| २. विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण, विपद व्यवस्थापनका लागि समुदाय तथा सरोकारवालासँग साझेदारी तथा सहकार्य अभिबृद्धी गर्ने | १. गाउँपालिका, गैसस र नागरिक समाज संस्था र नीजि क्षेत्रको समेत योगदान समावेश गरी स्थापित स्थानीय विपद व्यवस्थापन कोषको बृद्धि र परिचालन गरिनेछ।<br>२. टोल टोलमा समुदायकम विपदको कारण समस्या परेका र पर्न सक्ने सदस्यलाई मनोसामाजिक परामर्श अभियानका रुपमा संचालन गरिनेछ।<br>३. रेडक्रसको उपशाखाको संस्थागत क्षमता अभिबृद्धीमा सहयोग गरिनेछ।<br>४. गैर सरकारी संस्था, संचार माध्यम तथा समुदायमा आधारित संस्था लगायत नागरिक समाज संस्थाहरुसँग सहकार्य गरी जोखिम रोकथाम, विपद पूर्व तयारी, जोखिम न्यूनीकरण र व्यवस्थापन कार्यत्रमलाई प्रभावकारी बनाईनेछ। |

**संस्थागत विकास तथा सुशासन विकास (Institutional and Governance Development)**

नेपालको संविधानबाट प्रत्यक्ष अधिकारको संघीयताको मोडेलमा आधारित स्थानीय सरकारहरु स्थापना भई संविधान अनुसार विकास कार्य तथा सेवा प्रवाहमा क्रियाशिल रहेका छन् । स्थानीय सरकारलाई जनताको घरदैलोको सरकारको रुपमा हेरिएको हुन्छ। आम नागरिक विशेष गरी विपन्न तथा पछाडि परेका वर्ग एवं समुदायले स्थानीय सरकारबाट ठूलो अपेक्षा गरेका हुन्छन्। संवैधानिक व्यवस्था, कानूनी शासन र जनअपेक्षा अनुसार कूशल, पारदर्शी, जवाफदेही ढंगले स्थानीय शासन संचालन गरी सेवा प्रवाह र विकास कार्यलाई प्रभावकारी बनाउने अहम् दायित्व स्थानीय सरकारहरुको रहेको हुन्छ। संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात स्थानीय सरकारको फराकिलो संवैधानिक अधिकार क्षेत्र र साधन स्रोतमा बढोत्तरीसँगै जनआकांक्षा र समस्याहरु पनि चुलिएका छन्।

यस तथ्यलाई मनन् गर्दै गाउँ क्षेत्रको योजनाबद्ध र सन्तुलित विकासको लागि पालिकास्तरिय न्याय तथा सुशासन, पारदर्शिता, जवाफदेहिता, स्रोत संकलन तथा परिचालन, संगठन विकास र मानव संशाधन संस्थागत

विकास तथा सुशासन विकासका प्रयासहरुलाई मार्गदर्शन गर्न यस सम्बन्धी दिर्घकालिन सोच, लक्ष्य, उद्देश्य पुरा गर्ने हेतु रणनिति, कार्यनीति संक्षिप्त विश्लेषण देहाय अनुसार गरिएको छ।

**उद्देश्य**

१. विगतमा संकलन भएको राजस्वमा वृद्धि गर्ने र गाउँपालिकालाई आत्मनिर्भर बनाउने
२. राष्ट्रिय भावनाको विकास गरी गाउँको साझा लक्ष्य निर्माणबाट आर्थिक, सामाजिक, सांस्कृतिक विकास संग आबद्ध गर्नु
३. गाउँपालिकालाई शान्तिपूर्ण र सुव्यवस्थित सहर निर्माण गर्ने,
४. गाउँबासीको राष्ट्रिय भावनाबाट आर्थिक, सामाजिक विकास संग आबद्ध गर्ने,
५. पालिकालाई शान्तिपूर्ण र सुव्यवस्थित गाउँ बनाउने,
६. न्यायमा सुलभ पहुंच बृद्धि गर्ने,
७. दक्ष प्रविधि र जनशक्ति, प्रभावकारी सेवा प्रवाहबाट नागरीकलाई सन्तुष्टि प्रदान गर्ने
८. कुनै पनि घटना नछुटाई सम्पूर्ण घटना दर्तालाई अनलाईन प्रणालीमा समावेश गर्ने,
९. दक्ष र प्रभावकारी राजस्व परिचालन गरी गाउँपालिकालाई स्वायत्त बनाउने,
१०. नियमीत रुपमा तथ्यांक संकलन गरी सबै तथ्यांक अद्यावधिक गर्ने,
११. योजना र कार्यान्वयनमा दोहोरोपन हुन नदिनु

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: विगतमा संकलन भएको राजस्वमा वृद्धि गर्ने र गाउँपालिकालाई आत्मनिर्भर बनाउने** | |
| करदाता शिक्षा सञ्चालन गर्ने | कर संबन्धि चेतनामुलक प्रचार प्रसार गरिनेछ |
| करको दर घटाउने दायरा बढाउने | करको दायरा बढाउन गहन अध्ययन गरिनेछ। |
| गत विगतको बाँकी बक्यौता छुटको व्यवस्था गरी सबै करदाताहरुलाई करको दायरामा ल्याउने | संपूर्ण व्यवसायीलाई करको दायरामा ल्याइनेछ। |
| दण्ड र जरिवाना र पुरस्कार को व्यवस्था मिलाउने | करदाता पुरस्कारकोष खडा गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| आवश्यकता अनुसार नीति नियम कार्यविधि मापदण्ड आदिको निर्माण गर्ने | आर्थिक नियम र ढाँचलाई समयानुकुल सुधार गरिनेछ। |
| कर सहभागिता मूलक अभियानहरु सञ्चालन गर्ने। | उद्योग व्यवसायीको सहभागीतामा राजस्व परिचालन गरिनेछ। |
| **उद्देश्य २: राष्ट्रिय भावनाको विकास गरी गाउँको साझा लक्ष्य निर्माणबाट आर्थिक, सामाजिक, सांस्कृतिक विकास संग आबद्ध गर्नु** | |
| सभ्य समाज निर्माण गर्न गाउँबासीलाई उत्प्रेरीत गर्ने। | गाउँबासीमा सूचना प्रविधिको विविध माध्यमबाट राष्ट्रिय भावनाको विकास गर्न उत्प्रेरीत गरिनेछ। विभिन्न धार्मिक तथा ऐतिहासीक स्थलहरुको संरक्षण तथा प्रबर्धन गरिनेछ। |
| **उद्देश्य ३: गाउँपालिकालाई शान्तिपूर्ण र सुव्यवस्थित सहर निर्माण गर्ने,** | |
| गाउँबासीलाई विभिन्न धार्मीक, सामाजिक सांस्कृतिक विषयमा वोध गराई शान्ति तथा मैत्रीपूर्ण वातावरण बनाउन उत्प्रेरीत गर्ने। | गाउँबासीलाई विभिन्न स्थानको अवलोकन भ्रमण गराइनेछ। गाउँपालिका भित्रका धार्मीक, सामाजिक सांस्कृतिक पक्षको संरक्षण र सम्वर्धन गरिनेछ। |
| पालिकाले सुव्यवस्थित सहर निर्माण गर्न सहजीकरण गर्ने। | सबै वडाका टोलहरुमा स्थानीय जनताको आबस्यकता र चाहना अनुसार सुव्यवस्थित गाउँ निर्माण गरिनेछ। |
| **उद्देश्य ४: गाउँबासीको राष्ट्रिय भावनाबाट आर्थिक, सामाजिक विकास संग आबद्ध गर्ने,** | |
| सभ्य समाज निर्माण गर्न गाउँबासीलाई उत्प्रेरीत गर्ने। | गाउँबासीमा सूचना प्रविधिको विविध माध्यमबाट राष्ट्रिय भावनाको विकास गर्न उत्प्रेरीत गरिनेछ। विभिन्न धार्मिक स्थलहरुको संरक्षण तथा प्रबर्धन गरिनेछ। |
| समाजमा द्वेष र अन्तरद्वन्द फैलाउनेहरुलाई कानूनको दायरामा ल्याउने। | गाउँभित्र मेलमिलाप र समन्वय हुने कार्यक्रम सञ्चालन गरिनेछ। |
| **उद्देश्य ५: पालिकालाई शान्तिपूर्ण र सुव्यवस्थित गाउँ बनाउने।** | |
| गाउँबासीलाई विभिन्न धार्मीक, सामाजिक सांस्कृतिक विषयमा वोध गराई शान्ति तथा मैत्रीपूर्ण वातावरण बनाउन उत्प्रेरीत गर्ने। | गाउँबासीलाई विभिन्न स्थानको अवलोकन भ्रमण गराइनेछ। पालिका भित्रका धार्मीक, सामाजिक सांस्कृतिक पक्षको संरक्षण र सम्वर्धन गरिनेछ। |
| पालिकाले सुव्यवस्थित सहर निर्माण गर्न सहजीकरण गर्ने। | सबै वडाका टोलहरुमा स्थानीय जनताको आबस्यकता र चाहना अनुसार सुव्यवस्थित सहर निर्माढा गरिनेछ। |
| **उद्देश्य ६: न्यायमा सुलभ पहुंच बृद्धि गर्ने।** | |
| स्थानीय स्तरमा विवादले मेलमिलाप बाट समाधान गरी सभ्य समाजको निर्माण गर्ने। | वडा स्तरमा मेलमिलाप केन्द्र गठन गर्ने, मेलमिलाप कर्तालाई तालिमको व्यवस्थापन गर्ने अनुगमन कार्यलाई तीव्रता दिइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य ७: दक्ष प्रविधि र जनशक्ति, प्रभावकारी सेवा प्रवाहबाट नागरीकलाई सन्तुष्टि प्रदान गर्ने** | |
| सबै विषयगत शाखाहरुलाई प्रविधि मैत्री बनाउने । | सबै शाखाहरुमा कम्प्युटर लगायतका यन्त्रहरु जडान गरिनेछ । गापाका कर्मचारीहरुलाई कम्प्युटर लगायतका सेवा प्रवाह सम्बन्धि तालीम दिलाइनेछ । |
| **उद्देश्य ८: कुनै पनि घटना नछुटाई सम्पूर्ण घटना दर्तालाई अनलाईन प्रणालीमा समावेश गर्ने** | |
| क. घटना दर्ता अनलाईनमा सफल पार्ने । | क. घटना दर्ता अनलाईनमा सफल पार्न वडा सचिवहरुलाई तालिम प्रदान गरिनेछ । |
| ख. सामाजिक सुरक्षा दोहोरो भत्ता प्रणालीको अन्त्य गर्ने । | ख. सामाजिक सुरक्षा दोहोरो भत्ता प्रणालीको अन्त्य गर्न बैंकसँग सहकार्य गरिनेछ । |
| ग. डिजिटाइजेशन कार्य समापन गर्ने | ग. डिजिटाइजेशन कार्य समापन गर्न सेवा प्रदायकसँग समन्वय गरिनेछ । |
| **उद्देश्य ९: दक्ष र प्रभावकारी राजस्व परिचालन गरी गाउँपालिकालाई स्वायत्त बनाउने** | |
| क. आन्तरिक राजस्वको अंश बढाउने । | क. कर तथा गैर कर राजस्वको दायरा बढाई आन्तरिक राजस्वको आकार बढाइनेछ । |
| ख. स्थायी साधनको विकास र विस्तारमा जोड दिने । | ख. स्थायी साधनको विकास र विस्तारमा जोड दिई करदाताको कर तिर्ने चाहनामा अभिबृद्धि गरिनेछ । |
| ग. राजस्व परिचालन पद्दतीलाई डिजिटाइजेशन गर्ने । | ग. सबै करदाताले अनलाइन विधिबाट कर तिर्न सक्ने व्यवस्था मिलाइनेछ । |
| **उद्देश्य १०: नियमीत रुपमा तथ्यांक संकलन गरी सबै तथ्यांक अद्यावधिक गर्ने ।** | |
| क. गाउँपालिकाको तथ्यांक अद्यावधिक गर्ने । | क. सबै कार्यालयको तथ्यांक एकिकृत प्रणालीमा जोडि अद्यावधिक गरिनेछ । |
| ख. प्रविधिमा आधारीत तथ्यांक प्रणालीको विकास गर्ने । | ख. सबै तथ्यांकलाई कम्प्युटर प्रणालीमा प्रविष्ट गरिनेछ । |
| **उद्देश्य ११: योजना र कार्यान्वयनमा दोहोरोपन हुन नदिनु** | |
| संघ, प्रदेश र सबै विषयगत कार्यालयको योजना नदोहोरिने गरी छनौट गर्ने । | सबै शाखाहरुको योजना संघ र प्रदेशको योजना संग नदोहोरिने गरी छनौट गरिनेछ । |

## खण्ड छः अनुगमन, मूल्यांकन र सुचाकं

**वित्तिय व्यवस्थापन र परिचालन रणनीति (Financial Management and Mobilization Strategy)**

- स्थानीय सरकारको आन्तरिक स्रोत
- प्रदेश सरकारबाट प्राप्त अनुदान परिचालन
- संघीय सरकारबाट प्राप्त अनुदानमा साझेदारिता
- प्रचलित ऐन कानून अनुसारको कर र शुल्क निर्धारण
- गैरसरकारी क्षेत्रमा प्राप्त सहयोग कार्यक्रम
- दातृ निकायबाट प्राप्त अनुदान तथा ऋण
- वचत तथा ऋण लगायतका सहकारी परिचालन
- वैंक तथा वित्तिय क्षेत्रसंगको साझेदारिता
- विप्रेषणको लगानी

**अनुगमन मूल्याकंन मापदण्डहरु (Standerds of Monitoring and Evaluation)**

- कार्यक्रमको प्रभाव मुल्यांकन
- ऐन, नीति र कार्यक्रम
- लक्ष्य निर्धारण र प्राप्त नतिजा लेखाजोखा
- बजेट र नतिजा
- तथ्यांक व्यवस्थापन र अध्यावधिक सूचक

# अनूसूची (Annex)

## Bibliography:


- नेपालको संविधान २०७२,
- स्थानीय सरकार संचालन ऐन, २०७४, नेपाल ऐन संग्रह खण्ड १७,
- वार्षिक नीति तथा कार्यक्रम, आ.व. २०७८/७९ र २०७९/८०सरावल गाउँपालिका
- पालिका प्रोफाइल, सरावल गाँउपालिका
- पालिका समिक्षा प्रतिवेदन आव ०७९।८० सरावल गाँउपालिका
- सरावल गाउँपालिकाको जैविक विविधता वस्तुस्थिति विवरण संक्षिप्त परिचय
- प्रतिवेदनहरु राष्ट्रिय जनगणना २०६८, २०७८
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४,
- नेपाल मानव विकास प्रतिवेदन २००४, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम
- 7th National Development Plan 2017-2021, Vol. I, Ministry of National Development
- Planning, Zambia, 2017.
- A Unified Approach to Measuring Poverty and Inequality: Theory and Practice, World Bank, 2013.
- Classification of the Functions of Government (COFOG), United Nations Statistics Division.
- Develop a strategic plan, A tool for NGOs and CBOs
- Preparing a Master Plan for your Community, A Handbook for Planning Board Members,

# १० वर्षे रणनितीक योजनाका केही झलकहरू:

